

# नीलकण्ठ नगरपालिका



# नीलकण्ठ नगरपालिकाको क्षेत्रीय अवस्थिति



# संक्षिप्त परिचय

| | | |
|---|---|---|
| नाम | : | **नीलकण्ठ नगरपालिका,** धादिङ जिल्ला, प्रदेश नम्बर ३ |
| नगरपालिका घोषणा मिति | : | २०७१ बैशाख २५ |
| नगरपालिकामा समावेश भएका साबिकका गा.वि.स. हरु | : | नीलकण्ठ, सान्कोश, मुरलीभन्ज्यांग र सुनौलाबजार, ज्यामरुङ्ग, खाल्टे र धुवाँकोट |
| वडा संख्या | : | १४ |
| जनसंख्या सन् २०११ (के.त.वि., २०११) | : | ५८,५१५ |
| जनसंख्या वृद्धिदर (२००१ देखि २०११) | : | ०.५प्रतिशत |
| हालको जनसंख्या (अनुमानित) | : | ६५,१३९ |
| औसत परिवारको सदस्य संख्या | : | ४ जना |
| | : | |

| वडा नं. | केन्द्र | जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | जनसँख्या | वडा नं. | केन्द्र | जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | जनसँख्या |
|---|---|---|---|---|---|---|---|
| १ | पात्ले | १२.४७ | २५८९ | ८ | कुमालगाउँ | १०.४५ | ३५७४ |
| २ | बसाहा | २०.४१ | ५१४८ | ९ | ज्यामिरे | १२.१२ | ३६७९ |
| ३ | नीलकण्ठ | ३.०८ | १२००४ | १० | ज्यामरुङ | १५.८५ | २९३१ |
| ४ | गैरिगाउँ | ११.२० | ३३९२ | ११ | ज्यामरुङ | १९.५९ | ४०६७ |
| ५ | खाल्टे | २०.७४ | ४५८८ | १२ | रिजालडाँडा | ८.०९ | २८०८ |
| ६ | सुनौलोबजार | १२.०५ | ३०५३ | १३ | स्याउली | १९.२२ | २७१३ |
| ७ | हिटी, निबुवास्वरा | १०.५९ | ३२०७ | १४ | धुवाँकोट | २३.९९ | ४७६२ |

| | | |
|---|---|---|
| **आर्थिक आधारहरु** | : | कृषि, ब्यापार तथा पर्यटन |
| **मुख्य खोला** | : | थोपल, आँशी र अरुण खोला |
| **मुख्य पर्यटकीय स्थल** | : | चमेरे गुफा, नमुना बिपी गाउँ, ज्यामरुङ्ग दरबार, रामकोट दरबार, पात्ले गुरुङ गाउँ होमेस्टे, जुम्रे भ्यूटावर |
| **मुख्य मन्दिर** | : | भैरबी मन्दिर, रामकोट माइती मन्दिर, जुरेथुम वागेश्वरी मन्दिर, पशुपति मन्दिर, ज्वालामुखी मन्दिर, पौवा घर, चमेरे गुफा, नमुना बिपी गाउँ |
| **मुख्य चाडपर्व** | : | दशैं, तिहार, पूर्णिमा, माघे संक्रान्ति, तीज |
| **मुख्य सँस्कृति** | : | गुरुङ्ग, तामाङ |
| **मुख्य भू उपयोग** | | कृषि, |
| **मुख्य पेशा** | | कृषि, ज्याला मजदुरी, वैदेशिक रोजगारी |
| **मुख्य जातजाती** | | नेवार, बाह्मण, गुरुङ, क्षेत्री |

# १. पृष्ठभूमि

## १.१. ऐतिहासिक पृष्ठभूमि

उत्तरमा हिमालयदेखि दक्षिणमा महाभारत पर्वतसम्म फैलिएको देशको एक मात्र जिल्ला धादिङमा अवस्थित यस नीलकण्ठ नगरपालिका नेपाल सरकारको २०७१ बैशाख २५ को निर्णयअनुसार नगरपालिका घोषणा हुँदा साबिकको नीलकण्ठ, सान्कोश, मुरलीभन्ज्याङ्ग र सुनौलाबजार गरी ४ वटा गाबिसहरु गाभेर घोषणा गरिएको थियो । तर, २०७३ मा पुनर्गठन हुँदा विद्यमान नगरपालिकामा अरु तीनवटा गाबिसहरु जस्तैः ज्यामरुङ्ग खाल्टे र धुवाँकोट गाभेर हालको नगरपालिका बनाइएको थियो । हाल यस नगरपालिकामा जम्मा १४ वडाहरु रहेका छन् ।

साबिकको नीलकण्ठ गाउँ विकास समितिको नामलाई नै कायम गरी यस नगरपालिकाको नामाकरण भएको छ । नीलकण्ठ नाम रहनुको पछाडी स्थानीय किम्बदन्तीहरु पनि छन् । समुद्र मन्थनको क्रममा उत्पन्न कालकूट विषबाट जगतको रक्षा गर्न भगवान शिवले सो विषपान गरी आफ्नो कण्ठमा धारण गर्नु हुँदा कण्ठ नीलो भएको पौराणिक आख्यान बमोजिम नीलकण्ठ शब्दलाई भगवान शिवको अर्को नामको रुपमा लिइन्छ । यस अतिरिक्त स्थानीय आख्यान अनुसार थोपल खोला नजिक रहेको ढाँडदेवी मन्दिरलाई नीलकण्ठ बनाइएको भन्ने किम्बदन्ति पनि छ ।

## १.२. परिचय

काठमाडौंको छिमेकी जिल्ला धादिङमा नीलकण्ठ नगरपालिका अवस्थित छ । काठमाडौंबाट करिब ९० कि.मी.को दूरीमा रहेको छिमेकी जिल्लामा अवस्थित भए तापनि विकासको हिसाबले यो नगरपालिका पछाडि नै रहेको छ । यस नगरपालिकाले धादिङ जिल्लाको करिब १०% भू-भाग ओगटेको छ भने जिल्लाको कुल जनसंख्याको १७% जनसंख्या यहाँ बसोबास गरिरहेका छन् । कूल १९९.८५ वर्ग कि.मी. भू-भाग रहेको यस नगरपालिकामा वनले ओगटेको क्षेत्रफल ९९.३१ वर्ग कि.मी. रहेको छ, जुन करिब ५०% भू-भाग पर्दछ । राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको कूल जनसंख्या ५८,५१५ छ । यस नगरपालिकाको आर्थिक आधारशीलाको रुपमा कृषि, व्यापार र पर्यटन मुख्य रहेका छन् । एउटा इँटा उद्योग बाहेक नगन्य रुपमा केही स-साना उद्योगहरु सञ्चालनमा रहेका छन् । नेपालको संविधानअनुसार हाल यो नगरपालिका प्रदेश नम्बर तीनमा पर्दछ ।


यस नगरपालिकाको चार किल्लाको हकमा पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा ज्वालामुखी तथा सिद्धलेख गाउँपालिका, उत्तरमा नेत्रावती र त्रिपुरासुन्दरी गाउँपालिका र दक्षिणमा गल्छी र सिद्धलेख गाउँपालिका पर्दछन् । नेवार, ब्राह्मण, क्षेत्री, कुमाल, मगर, तामाङ, सार्की, गुरुङ्गआदि विभिन्न जातजाति यस नगरपालिकामा बसोबास गर्दै आएका छन् । थोपल, आँशी र अरुण खोला यस नगरपालिकाका तीन महत्वपूर्ण खोलाहरु हुन् । पहाडी भू-भाग भएको हुनाले यहाँका धेरै जमिन तराईमा जस्तो समतल भन्दा भिरालो प्रकारको रहेको छ ।

यस क्षेत्रको कृषि निर्वाहमुखी र परम्परागत किसिमको भए तापनि अत्याधिक जनसंख्याको आम्दानीको मुख्य आधार यही नै रहेको छ । धान, मकै, गहूँ, कोदो मुख्य खाद्यान्न हुन् भने विभिन्न प्रकारको तरकारी, दलहन, तेलहनलगायत विभिन्न किसिमका फलफूल यहाँका किसानले उत्पादन गर्दछन् । उद्योग व्यवसायको विकास हुन नसक्दा रोजगारीका अवसर कम हुनाले रोजगारीको लागि युवायुवती प्रायः विदेश जाने गरेका छन् र यसबाट नगरपालिकामा उल्लेख्य रुपमा विप्रेषणको नाममा रकम प्राप्त हुने गरेको छ , जसबाट स्थानीय अर्थतन्त्रलाई राम्रो टेवा मिलेको छ । रोजगारीको लागि जाने मुलुकहरुमा मलेसिया, कतार, साउदी अरेबिया, अमेरिका, जापान, क्यानडा, कोरिया, भारतआदि पर्दछन् । व्यापार व्यवसाय दिन प्रति दिन बढ्दो छ र आगामी बर्षहरुमा पनि यसको गतिमा कमी आउने देखिंदैन ।

नगरपलिकाको सबै वडाहरुमा सडक पुगिसकेको छ तर प्रायः सम्पूर्ण सडकहरु कच्ची र धुलाम्मे छन् । बर्खाको मौसममा यी सडकहरु प्रायः बन्द रहने गर्दछन् । पानीको लागि यस नगरपालिका विभिन्न स्रोतहरूमा निर्भर रहेको देखिन्छ । जिल्ला स्तरीय अस्पताल वडा नं ३ मा अवस्थित छ भने केही स्वास्थ्य केन्द्र र चौकीहरु अन्य विभिन्न वडाहरुमा रहेका छन् । यस क्षेत्रका प्रायः सबै विद्यार्थीहरु उच्च शिक्षा एवम् स्तरीय शिक्षाको लागि वडा नं ३ मा नै आउने गर्दछन् । पर्यटकका लागि यो वडा अन्य वडाहरुको तुलनामा विकसित र सुविधायुक्त छ ।

# २. प्रशासनिक क्षेत्र

नीलकण्ठ नगरपालिकाको पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा ज्वालामुखी र सिद्धलेक गाउँपालिका, उत्तरमा नेत्रावती र त्रिपुरासुन्दरी गाउँपालिका र दक्षिणमा सिद्धलेक र गल्छी गाउँपालिका रहेको छ ।




**चित्र 1: नगरपालिकाको अवस्थिति र वडाहरु**

साबिकको खाल्टे गाविस हाल नीलकण्ठ नगरपालिकाको १ र ५ नं. वडाको रुपमा, धुवाँकोट गाविस हाल १४ नं. वडा र ज्यामरुङ गाविस १० र ११ नं. वडाको रुपमा रहेका छन् ।

**तालिका 1: नीलकण्ठ नगरपालिकाको साबिकको गाबिस र हालको नगर वडाहरुको विवरण**

| हालको वडा नं. | साविक नगरपालिका तथा गा.वि.स. | साविक वडा नं. | वडा कार्यालय |
|---|---|---|---|
| १ | खाल्टे | १, ७-९ | पाल्ते |
| २ | नीलकण्ठ | १, २ | बसाहा |
| ३ | नीलकण्ठ | ३ | नीलकण्ठ |
| ४ | नीलकण्ठ | ४ | गैरिगाउँ |
| ५ | खाल्टे | २-६ | खाल्टे |
| ६ | नीलकण्ठ | ५, ६ | सुनौलोबजार |
| ७ | नीलकण्ठ | ७ | हिटी, निबुवास्वरा |
| ८ | नीलकण्ठ | ८ | कुमालगाउँ |
| ९ | नीलकण्ठ | ९, १० | ज्यामिरे |
| १० | ज्यामरुङ | ४-७ | ज्यामरुङ |
| ११ | ज्यामरुङ | १-३, ८, ९ | ज्यामरुङ |
| १२ | नीलकण्ठ | १२ | रिजालडाँडा |
| १३ | नीलकण्ठ | ११, १३ | स्याउली |
| १४ | धुवाँकोट | १-९ | धुवाँकोट |

*स्रोत: नीलकण्ठ नगरपालिकाको कार्यालय*

# ३. जलवायु

नीलकण्ठ नगरपालिकाको मध्य पहाडी क्षेत्रमा समशीतोष्ण हावापानी रहेको छ भने दक्षिणी क्षेत्रका बेसी तथा टारहरुमा समोष्ण हावापानी रहेको छ । नीलकण्ठ नगरपालिकाको अधिकांश क्षेत्रमा मानवीय गतिविधिको लागि अनुकूल हावापानी र मौसम रहेको छ भने केही पहाडी क्षेत्रमा भने जलवायुको अवस्था तुलनात्मक रुपमा कम अनुकूल छ । (स्रोत: जिल्लाको रुपरेखा र तत्कालीन जिल्ला विकास समितिको कार्यालय, धादिङ, २०७२)

# ४. जनसंख्या र जनसंख्याको वितरण

नीलकण्ठ नगरपालिकाको १४ वटा वडामध्ये शहरी विकासका पूर्वाधार, जनसंख्या र जनसंख्या वृद्धिदरको आधारमा वडा नं. ३ लाई मुख्य शहरी भागको रुपमा लिइएको छ भने अन्य १३ वटा वडाहरुलाई बाहिरी भागको रुपमा लिइएको छ। साबिकको नीलकण्ठ गाविसको क्षेत्र हालको वडा नं. ३ को रुपमा रहेको छ भने ज्यामरुङ्ग, खाल्टे, सांकोश, सुनौला बजार, धुवाँकोट र मुरलीभन्ज्याङ्ग गाविसको क्षेत्रहरु अन्य १३ वटा वडाहरुले ओगटेका छन् । मुख्य शहरी भागको रुपमा रहेको वडा नं. ३ को विगत दशकको (२००१-२०११) जनसंख्या वृद्धिदर ३.४% रहेको थियो । नगरको बाहिरी भागमा, बिगत दशकको जनसंख्या वृद्धिदर ऋणात्मक रहेको थियो ।

जनगणना २००१ र २०११ को आधारमा यस नगरपालिकाको जनसंख्या र वृद्धिदर निम्नानुसार रहेको छ:

**तालिका २: साबिकका गाविसहरुको बिगतको दुई दशकको जनसंख्या र वृद्धिदर**


| साबिकको गाविस | २००१ | २०११ | वृद्धिदर (%) |
|---|---|---|---|
| **नीलकण्ठ** | १४४८९ | २०१८२ | ३.४ |
| **ज्यामरुङ** | ७९२० | ६९९८ | -०.०१२ |
| **खाल्टे** | ७४८३ | ७१७७ | -०.००४ |
| **सांकोश** | ५५७९ | ५५२१ | -०.००१ |
| **सुनौला बजार** | ७२२६ | ६६२२ | -०.००८ |
| **धुवाकोट** | ५५३६ | ४७६२ | -०.१५ |
| **मुरली भन्ज्यांग** | ७४६३ | ७२५३ | -०.००३ |
| **जम्मा** | **५५६९६** | **५८५१५** | |

क्षेत्रफलको हिसाबले २३.९९ वर्ग किमी क्षेत्रफल भएको वडा नं. १४ सबैभन्दा ठूलो वडा हो भने वडा नं. ३ सबैभन्दा सानो वडा हो । तर, जनघनत्वको हिसाबले वडा नं. ३ सबैभन्दा बढी र वडा नं. १३ सबैभन्दा कम जनघनत्व भएको वडा हो । नगरका सबै वडामा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी रहेको देखिन्छ । घरधुरीको आधारमा वडा नं. ३ सबैभन्दा बढी र वडा नं. १ सबैभन्दा काम घरधुरी भएको वडा हो । नगरपालिकाको विभिन्न वडाको जम्मा क्षेत्रफल, जनघनत्व, महिला-पुरुषको संख्या, जम्मा घरधुरी र जम्मा जनसंख्या निम्नानुसार रहेको छ ।

**तालिका ३ : नगरको वडाअनुसार क्षेत्रफल, जनघनत्व र जनसंख्याको विवरण**

| वडा नं. | साबिकको गाविस | जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (प्रति किमी) | महिला | पुरूष | जम्मा जनसंख्या | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|
| 1 | खाल्टे | १२.४७ | २०८ | १४५० | ११३९ | २५८९ | ५७२ |
| 2 | नीलकण्ठ | २०.४१ | २५२ | २८७० | २२७८ | ५१४८ | ११६३ |
| 3 | नीलकण्ठ | ३.०८ | ३८९७ | ६२८४ | ५७२० | १२००४ | ३३७० |
| 4 | नीलकण्ठ | ११.२० | ३०३ | १८३७ | १५५५ | ३३९२ | ८१३ |
| 5 | खाल्टे | २०.७४ | २२१ | २५०४ | २०८४ | ४५८८ | ९९४ |
| 6 | नीलकण्ठ | १२.०५ | २५३ | १६७४ | १३७९ | ३०५३ | ६८७ |
| 7 | नीलकण्ठ | १०.५९ | ३०३ | १८०१ | १४०६ | ३२०७ | ७५२ |
| 8 | नीलकण्ठ | १०.४५ | ३४२ | १८९२ | १६८२ | ३५७४ | ७९३ |
| 9 | नीलकण्ठ | १२.१२ | ३०४ | २०८४ | १५९५ | ३६७९ | ८८० |
| 10 | ज्यामरुङ | १५.८५ | १८५ | १६३१ | १३०० | २९३१ | ६९६ |
| 11 | ज्यामरुङ | १९.५९ | २०८ | २३४३ | १७२४ | ४०६७ | ९५७ |
| 12 | नीलकण्ठ | ८.०९ | ३४७ | १५०४ | १३०४ | २८०८ | ६३२ |
| 13 | नीलकण्ठ | १९.२२ | १४१ | १५२१ | ११९२ | २७१३ | ६१२ |
| 14 | धुवाँकोट | २३.९९ | १९८ | २६१० | २१५२ | ४७६२ | १०६३ |
| | जम्मा | १९९.८५ | | ३२००५ | २६५१० | ५८५१५ | १३९८४ |

**नीलकण्ठ नगरपालिका भित्रका १४ वटा वडाहरुको जनघनत्वको विवरण :**




**चित्र २: वडा अनुसारको जनघनत्वको विवरण**

२०७२ सालमा यस नगरपालिकामा भएको घरधुरी सर्वेक्षण अनुसार जम्मा १४,२९३ घरधुरीमा ३४,०९६ पुरुष र ३६,२९३ महिला गरी कुल ७०,३८९ जना बसोबास गर्दछन् । स्रोत: भू-सूचना प्रणाली (GIS)

**तालिका ४: वडाहरुमा घरधुरी, महिला, पुरुष, क्षेत्रफल र जनघनत्वको विवरण**

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा जनसंख्या | जम्मा क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व (प्रति वर्ग कि.मी ) |
|---|---|---|---|---|---|---|
| १ | ५७२ | ११३९ | १४५० | २५८९ | १२.३३ | २१०.०० |
| २ | १४१३ | ३८०२ | ३८१७ | ७६१९ | २०.४३ | ३७२.८९ |
| ३ | १९९० | ५६३१ | ५७९८ | ११४२९ | ३.०१ | ३८०१.०४ |
| ४ | १०४४ | २५६३ | २६१३ | ५१७६ | ११.२१ | ४६१.८७ |
| ५ | ९९४ | २०८४ | २५०४ | ४५८८ | २०.८८ | २१९.६९ |
| ६ | ७८५ | १८४२ | १८२१ | ३६६३ | १२.२१ | २९९.९४ |
| ७ | ८८० | १९०६ | १९३२ | ३८३८ | १०.५० | ३६५.६७ |
| ८ | ११३४ | २७१४ | २६६२ | ५३७६ | १०.५० | ५१२.१९ |
| ९ | ११३३ | ३०३७ | ३०३८ | ६०७५ | १२.०७ | ५०३.१४ |
| १० | ६९६ | १३०० | १६३१ | २९३१ | १२.८८ | २२७.४८ |
| ११ | ९५७ | १७२४ | २३४३ | ४०६७ | २२.५७ | १८०.२३ |
| १२ | ४१७ | ११८३ | ११३० | २३१३ | ८.१७ | २८३.२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | १२१५ | ३०१९ | २९४४ | ५९६३ | १९.१६ | ३११.२६ |
| १४ | १०६३ | २१५२ | २६१० | ४७६२ | २४.०० | १९८.४२ |
| जम्मा | १४२९३ | ३४०९६ | ३६२९३ | ७०३८९ | १९९.९१ | |

*स्रोत: नगरपालिका घरधुरी सर्वेक्षण, २०७३ (साविक गाविसहरुको हकमा राष्ट्रिय जनगणना २०६८ लाई आधार मानिएको)*

**जातजातिहरु:**

नगरपालिकाको जनसंख्यालाई जातजातिका आधारमा बिभाजन गर्दा सबैभन्दा बढी नेवार जातिको बसोबास रहेको देखिन्छ । दोश्रोमा बाह्मण र क्रमश: गुरुङ्ग, क्षेत्री, मगर, तामाङ, सार्की, दमाई, कुमाल जाति रहेको देखिन्छ ।

**तालिका ५: जातजातिका आधारमा नगरपालिकाको जनसंख्याको विवरण**

| | जातजाति | जम्मा जनसंख्या | जम्मा प्रतिशत |
|---|---|---|---|
| १ | नेवार | १०३०२ | १७.५० |
| २ | बाह्मण | ९६७५ | १६.४३ |
| ३ | गुरुङ | ९६०९ | १६.३२ |
| ४ | क्षेत्री | ७०९९ | १२.०६ |
| ५ | मगर | ६१९७ | १०.५३ |
| ६ | तामाङ | ४५५७ | ७.७४ |
| ७ | सार्की | ३७८१ | ६.४२ |
| ८ | दमाई | १६०३ | २.७२ |
| ९ | कुमाल | १२६८ | २.१५ |
| १० | अन्य (ठकुरी, सन्यासी, घर्ती, मुसलमान आदि) | ४७८५ | ८.१३ |
| | | ५८८७६ | |

*स्रोत: नगरपालिकाले राष्ट्रिय जनगणना २०६८ को आधारमा तयार गरेको*

# ५.भू-उपयोग

नीलकण्ठ नगरपालिकाको कुल १९९.८५ वर्ग किलोमीटर क्षेत्रफलमध्ये ९९.३१ वर्ग किमी क्षेत्रफल वनजंगल, ९४.०४ वर्ग किमी कृषियोग्य जमिन, ४.९३ वर्ग किमी आवासीय क्षेत्र, १.४० वर्ग किमी पानीले ढाकेको छ । ०.९५ वर्ग किमी भूभाग भने चट्टान, बालुवा, उद्योग र सैनिक क्षेत्रले ओगटेको छ ।

**तालिका ६: क्षेत्रफलका हिसाबले भू-उपयोगको विवरण**

| क्र.स. | भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | बनजंगलले ढाकेको जमिन | ९९.३१ | ४९.७३ |
| २ | कृषियोग्य जमिन | ९४.०४ | ४७.०५ |
| ३ | आवासीय क्षेत्र | ४.९३ | २.४६ |
| ४ | पानीको भाग | १.४० | ०.४४ |
| ५ | अन्य | ०.९५ | ०.३८ |
| | जम्मा | १९९.८५ | १०० |

*स्रोत: भू-सूचना प्रणाली (GIS)*

पहाडी जिल्ला धदिङमा अवस्थित नीलकण्ठ नगरपालिकाको अधिकांश क्षेत्र पहाड र भिरालो जमिनले ओगटेको छ । झन्डै ५ प्रतिशत जमिनको भिरालोपन १५° देखि ३०° सम्म पाइएको छ । जम्मा ४ प्रतिशत जमिन मात्र समथर अथवा ५° भन्दा कम भिरालो पाइएको छ ।

**तालिका ७: जमिनको भिरलोपनको अवस्था**

| क्र.स. | भिरालोपना | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | ५° भन्दा कम | ८.०१ | ४.०१ |
| २ | ५° देखि १५° सम्म | २८.०५ | १४.०३ |
| ३ | १५° देखि ३०° सम्म | १०९.२ | ५४.६२ |
| ४ | ३०° देखि ४५° सम्म | ५०.३२ | २५.१७ |
| ५ | ४५° भन्दा बढी | ४.३४ | २.१७ |
| | | १९९.९२ | |

*स्रोत: स्थलरूप नक्शा, नापी विभाग*

# ६. आवास

निलकण्ठ नगरपालीकाको अधिकांस क्षेत्र ग्रामिण प्रकृतिको छ र ति स्थानहरुमा बनेका आवासिय घरहरु पनि ग्रामिण जनजीवन संग मेल खाने प्रकृतिको नै छ । सामान्यतया ग्रामिण भेगका आवासिय घरहरु एक देखि दुइ तल्लाका छन् । ढुंगा माटोको जोडाइमा बनेका घरहरुको छानामा स्लेट ढुंगाले छाइएको छ । Load bearing Structure मा बनेको घरहरु नगन्य मात्रा मा छन् ।

तल्लो बजार तथा बीच बजार मा बनेका आवासिय घरहरु पुरै आवासीय प्रयोजनको लागि मात्र उपयोगमा नभई मिश्रित रुपमा व्यापारिक प्रयोजनमा समेत उपयोगमा आइरहेको छ । बजार क्षेत्रमा रहेका आवासीय घरहरु दुइतल्ला देखि पाँचतल्ला सम्मका छन । ग्रामिण क्षेत्रबाट अवसर तथा शिक्षाको लागि बजारमा आएर बस्ने चलन बढेको छ जसले गर्दा बजार क्षेत्रका अधिकांश घरहरुमा कोठा भाडामा दिने प्रचलन रहेको छ ।



**तस्विर १: ग्रामिण क्षेत्रमा अवस्थित मौलिक घर**

गोरखा भुकम्पबाट यस नगरपालिकाका करिब ८००० घरहरु भत्केका थिए जुन अहिले पुनर्निर्माणको चरणमा रहेका छन् । अहिलेको भवन निर्माणको अभ्यास हेर्दा डन्डी सिमेन्ट प्रयोग गरिने आरसीसी प्रविधिको प्रयोगको क्रम बढेको छ । नगरको मुख्य शहरी क्षेत्रका सबैजसो घरहरु आरसीसी प्रविधिमा आधारित छन् र नयाँ बन्ने क्रममा रहेका छन् । नगरको बाहिरी भागमा भने भवन निर्माणको प्रवृत्ति मिश्रित रहेको छ । नगरको अधिकांश क्षेत्र भूकम्पबाट क्षतिग्रस्त रहेको छ जसमा पुनर्निर्माणको काम भइरहेको छ । भुकम्प पश्चात् संचालित विभिन्न जनचेतनामुलक कार्यक्रम र भवन निर्माण मापदण्डको कडा पुर्बक गरिएको कार्यान्वायनले हाल बनिरहेका र अब बन्ने घरहरु भुकम्प प्रतिरोधी प्रविधिमा आधारित रहेको पाइएको छ । पुनर्निर्माणको क्रममा निर्माणाधीन धेरैजसो घर तथा भवनहरुमा आरसीसी प्रविधि प्रयोग भइरहेको छ । यसरी निर्माण भइरहदा गाउँ क्षेत्रमै उपलब्ध निर्माण सामग्री निरुत्साहित हुन गई आयातीत निर्माण सामग्रीको प्रयोग अत्यधिक मात्रामा हुन गएको छ ।





तस्विर २: पुनर्निर्माण हुदै गरेका घरहरुको निर्माण अभ्यास

# ७. भौतिक पूर्वाधार

## ७.१. सडक तथा यातायात सञ्जाल

नगरपालिका एवम् अध्ययन टोलीको स्थलगत भ्रमणबाट प्राप्त जानकारी अनुसार हाल नीलकण्ठ नगरपालिकाको सम्पूर्ण वडाका अधिकांश क्षेत्रमा सडक सञ्जाल पुगेको भए तापनि वडा नं. ३ को मुख्य शहरी क्षेत्र बाहेकका अन्य स्थानका सडकहरुको ट्र्याक मात्र खोलिएका छन् । यस्ता सडकहरुमा नियमित रुपमा गाडी चलाउन उपयुक्त नभए पनि हिउँदको समयमा अधिकांश सडकमा गाडीहरु चल्ने गरेका छन् । यस नगरपालिका सडक सञ्जाल पहुँचको हिसाबमा झन्डै शतप्रतिशत भए पनि वर्षैभरि चारपांग्रे गाडी सञ्चालन गर्न सक्ने सडक भने नगरको मुख्य शहरी क्षेत्रमा मात्र सीमित छ । बाहिरी क्षेत्रका अधिकांश पक्की र ग्राभेल सडकहरु मर्मत नगरिएका र केही भने मर्मत र स्तरोन्नतीको क्रममा रहेका कारण वर्षैभरि गाडी सञ्चालन गर्न सकिने अवस्थामा छैनन् ।




**तस्बिर ३ बाहिरी भागका वडामा पुग्ने सडकको अवस्था**

नगरको केन्द्रबाट नगरभित्रकै मुख्य स्थानहरुमा जाने, जिल्लाका अन्य भागमा पुग्ने र छिमेकी जिल्ला जोड्ने सडकहरु भने स्तरोन्नतीको क्रममा रहेको पाइएको छ । भू-सूचना प्रणालीबाट गरिएको अध्ययन अनुसार नगरभित्रका सडकहरुको अवस्था देहाय बमोजिम रहेको पाइएको छ :

**तालिका ८: सडकको प्रकार र लम्बाई**

| | सडकको प्रकार | इकाई | लम्बाई |
|---|---|---|---|
| १ | कालोपत्रे/ पक्की सडक | कि.मि. | १०.३१ |
| २ | ग्राभेल सडक | कि. मि. | १९.०८ |
| ३ | कच्ची सडक | कि. मि. | ६९३.७२ |

*स्रोत: नीलकण्ठ नगरपालिका*




**चित्र ३: नगरपालिकाको सडकको प्रकार**

धादिङबेसीबाट नगरका विभिन्न वडा तथा जिल्लाका विभिन्न स्थानहरुमा जाने सार्वजनिक यातायातको विवरण निम्नानुसार छ :

**तालिका ९: नगरका विभिन्न क्षेत्रमा संचालन हुने सार्वजनिक यातायातको विवरण**

| क्र .सं . | रुट | स्थानहरु |
|---|---|---|
| १. | खरी रुट | धादिङ, जौवारी, भादुवार, छापथोक, मैदान, धुस्रेनी, ढापे, पंचुवा, कुमालटारी |
| २. | चैनपुर रुट | धादिङ, सालवास, धारापानी, चैनपुर, ठुलो चौतारा, मा. रामपुर, त. रामपुर, सिम्ले |
| ३. | दार्खा रुट | धादिङ, लपाङ फेदी .पन्तटार, किन्ताङफेदी, दार्खा |
| ४. | सेम्जोङ रुट | धादिङ, कटुन्जे, भोक्टेनी, छिरिङ, सेम्जोङ |
| ५. | धादिङ | धादिङ, आठ पहिलो, आर्खित, कलखर्क, वसेरी, मुलपानी, आठ दोश्रो, बुडाथुम, आठ तेश्रो, बेलुङ, खरी, सिकरार, ज्यामरुङ, सलाङ, मैवी, चैनपुर, खरी, दोला |
| ६. | लापाङफेदी रुट | धादिङ, दामगडी, पचधी, स्याउली, केरौंजा, जुम्रे, टोड्के, लापाङफेदी, चरंगे, च. पौवा, जलजले, मार्पाक |



**तस्बिर ४: यातायातको सुबिधा**

## ७.२. खानेपानी तथा सरसफाई

नगरपालिकाको तथ्याङ्क (२०७३/२०७४सम्म) अनुसार करिब ८८.०६ प्रतिशत जनसंख्यामा पाइप र धारासहितको सुविधा भएको खानेपानी उपलब्ध छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, आ.व. २०७३/७४ सम्म उपलब्ध भएको तथ्याङ्क अनुसार नीलकण्ठ नगरपालिकामा पर्ने साविकका गाविस तथा नगरपालिकाको व्यवस्थित खानेपानी र शौचालयको सुविधासम्बन्धी विवरण निम्नानुसार रहेको छ :

**तालिका १० : नगर क्षेत्रमा व्यवस्थित खानेपानी र शौचालयको अवस्था**

| गाविस र नपा | जम्मा घरधुरी | व्यवस्थित खानेपानी | | व्यवस्थित शौचालय | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| धुवाकोट | १,२८२ | ९५८ | ७४.७३ | ९१८ | ७१.६१ |
| ज्यामरुङ | १,६८६ | १,३१३ | ७७.८८ | १,३११ | ७७.७६ |
| मुरलीभन्ज्याङ | १,७०५ | १,२८६ | ७५.४३ | १,७०५ | १००.०० |
| नीलकण्ठ | ५,४१९ | २,७२२ | ५०.३० | ४,९०५ | ९०.५१ |
| साङकोश | १,९१४ | १,०३० | ५३.८१ | १,७४० | ९०.९१ |
| खाल्टे | १,६१५ | ९५८ | ५९.३२ | १,६१५ | १००.०० |
| सुनौलाबजार | १,५५८ | १,२६२ | ८१.०० | १,३०१ | ८३.५० |
| जम्मा | १५१७९ | ९०७९ | | १३४९५ | |

*स्रोत: खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ / २०७३/२०७४*




**तस्बिर ५: खानेपानीको लागि निर्मित व्यवस्थित पूर्वाधार**

## ७.३. सतह ढल सञ्जाल

नगरको मुख्य शहरी क्षेत्र अर्थात् वडा नं. ३ का मूल सडकहरुमा बर्षात्को पानी बग्ने करिब ५ किमि लामो सतह ढल रहेको छ । (स्रोतः नीलकण्ठ नगरपालिकाको कार्यालय) बाहिरी भागको खण्डमा भने अधिकांश ठाउँमा कच्ची सडक रहेकाले सतह ढलको व्यवस्था गरिएको छैन । हाल स्तरोन्नति तथा निर्माणको चरणमा रहेका सडक योजनाहरुको खण्डमा भने सतह ढलको व्यवस्था गरिएको छ ।



**तस्बिर ६: सडकको दुबै तर्फ बनाइएको सतह ढल**

## ७.४. ढल निकास सञ्जाल

नगर क्षेत्रमा ढलको व्यवस्था गरिएको छैन । सरकारी, व्यवसायिक तथा निजी घरहरुमा सेप्टिक टयांकीको व्यवस्था अनिवार्य गरिएकाले नगरमा ढलको आवश्यकता तत्काल देखिँदैन ।

### ७.५. फोहोर मैला व्यवस्थापन

हाल नगरको अधिकांश क्षेत्रमा फोहोर मैला व्यवस्थापनको लागि कुनै उल्लेख्य प्रावधान गरिएको छैन । नगरको मुख्य बजार क्षेत्रको रुपमा रहेको वडा नं. ३ का अधिकांश क्षेत्र र वडा नं. को ४ का केही क्षेत्रमा नगरपालिकाले फोहोर सङ्कलन गरी व्यवस्थापन गर्ने गरेको छ । नगरपालिकाले दैनिक तीनवटा ट्र्याक्टर र तीनवटा ट्रीपरमा नगरको मुख्य शहरी क्षेत्रको फोहोर संकलन गर्ने गरेको छ । यसरी संकलित फोहोरमैला वडा नं ८ स्थित ससाहा क्षेत्रमा व्यवस्थापन गर्ने गरिएको छ । यद्यपी नगरपालिकाको लागि फोहोर व्यवस्थापन निकै ठूलो चुनौतीको रुपमा रहेको छ ।




**तस्बिर ७: नगरको फोहोरमैला संकलन हुँदै**

### ७.६. विद्युत सेवा

नगरपालिका क्षेत्रभित्र वस्ती विकास भएका सबै वडाहरुको अधिकांश क्षेत्रमा विद्युत सुविधा उपलब्ध छ । नगरपालिकाको तथ्याङ्क अनुसार करिब ७८.१० प्रतिशत जनसंख्याले विद्युत सुविधाको उपभोग गरिरहेका छन् ।

### ७.७. दूरसञ्चार सेवा

नगरपालिकाभित्र वस्ती विकास भएका अधिकांश क्षेत्रमा दूरसञ्चार सेवाको रुपमा मोबाइल फोन र मोबाइलमार्फत् इन्टरनेट सेवाको पहुँच रहेको छ । नगरपालिकाको तथ्याङ्क अनुसार नगर क्षेत्रमा १३६० वटा टेलिफोन लाइन रहेको छ । त्यस्तै, दुईवटा इन्टरनेट प्रदायक कम्पनीहरुले इन्टरनेट सेवा उपलब्ध गराइरहेका छन् ।

### ७.८. सिंचाई

नगरमा कृषिको प्रचुर सम्भावना रहे तापनि सिंचाईको आवश्यक सुविधा उपलब्ध नहुँदा कृषियोग्य जमिन बाँझो रहेको छ । पानीको स्रोत भएका क्षेत्रमा पक्की कुलोको व्यवस्था नभए पनि अस्थायी कुलो निर्माण गरी सिंचाई गर्ने गरिएको छ। तर, अझै पनि नगरका अधिकांश कृषियोग्य जमिन उचित सिंचाई सुविधाबाट बञ्चित छ । यस अतिरिक्त पानीको स्रोतहरु सुक्दै गएकाले आवश्यक खेतमा सिंचाई सुविधा पुऱ्याउन निकै मुश्किल बन्दै गएको छ।



**तस्बिर ८: पानीको मुख्य स्रोत थोपल खोला र यसबाट सिंचित खेत**

# ८. सामाजिक पूर्वाधार

## ८.१. स्वास्थ्य

नीलकण्ठ नगरपालिकामा हाल उपलब्ध स्वास्थ्य सेवासम्बन्धी अभिलेख हेर्दा पाँच वटा (३५%) वडाहरु आधारभूत सेवा सुविधाबाट बञ्चित छन् । स्वास्थ्य स्वयंसेविकोहरुले दिने सेवा बाहेक केही वडाहरुमा गाउँघर क्लिनिक (महिनाको एक दिन प्रदान गरिने घुम्ति स्वास्थ्य सेवा) र प्रसुति केन्द्रको सुविधा रहेको छ । तर, सरकारी वा कुनै पनि निजी क्षेत्रबाट प्राथमिक स्वास्थ्य सेवाका लागि सुविधायुक्त पूर्वाधार निर्माण भएको पाँइदैन । स्वास्थ्य चौकी नभएका वडाका बासिन्दाहरु साधारण स्वास्थ्य सेवा पाउनका लागि समेत नजिकको वडा वा वडा नं.३ (धादिङ बजार) मा निर्भर हुनुपर्ने बाध्यता रहेको छ । नगरपालिकाको भौगोलिक बनावट तथा यातायातको भरपर्दो व्यवस्था नहुँदा अन्य वडामा स्वास्थ्य सेवाको लागि आवतजावत गर्न हालको अवस्थामा कठिन देखिन्छ ।

**तालिका ११: वडा स्तरमा उपलब्ध स्वास्थ्य सेवा सुबिधा**

| वडा नं. | उप/स्वास्थ्य चौकी | अस्पताल | औषधी पसल | प्रसुति केन्द्र |
|---|---|---|---|---|
| १. | १ | | | १ |
| २. | – | | | |
| ३. | – | जिल्ला अस्पताल – १ | १२ | १ |

| वडा नं. | उप/स्वास्थ्य चौकी | अस्पताल | औषधी पसल | प्रसुति केन्द्र |
|---|---|---|---|---|
| | | आयुर्वेद स्वास्थ्य केन्द्र–१<br>निजी अस्पताल – १<br>पोलिक्लिनिक – २ | | |
| ४. | – | – | | |
| ५. | १ | – | | |
| ६. | १ | – | | |
| ७. | – | – | | |
| ८. | – | – | | |
| ९. | १ | – | ३ | १ |
| १०. | १ | – | | १ |
| ११. | १ | – | | २ |
| १२. | १ | – | | १ |
| १३. | १ | – | | |
| १४. | २ | – | | १ |

स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालयबाट लिइएको विवरण तथा वडा स्तरीय छलफल, २०७४

**तालिका १२: विभिन्न वडामा उपलब्ध स्वास्थ्य सेवाको जानकारी**

| क.सं. | स्वास्थ्य सेवा | संख्या | रहेको वार्ड नं. |
|---|---|---|---|
| १ | भिसीटी केन्द्र संख्या: | १ | ३ |
| २ | महिला स्वास्थ्य स्वयम सेविका संख्या: | ६४ | १–१४ |
| ३ | टि.बी. उपचार केन्द्र: | ८ | १, २, ३, ९, १०, ११, १२, १४ |
| ४ | सि.ई.ओ.सी.( अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था | १ | ३ |
| ५ | खोप केन्द्र | २६ | १–१४ |

## ८.२. शिक्षा

### विद्यालय

भौगोलिक अवस्थाको कठिनाई, व्यवथित सडक सुविधाको अभाव, विद्यालय जानका लागि यातायात सेवा सञ्चालन नहुनु जस्ता विभिन्न कारणले बालबालिकाहरुको लागि शिक्षामा पहुँच निकै कठिन भइरहेको छ । अझ त्यसमाथि आफ्नै वडामा उच्च माध्यमिक तहसम्मको शिक्षाको सुविधा नहुँदा धेरै बालबालिकाहरु १८ वर्षभन्दा कम उमेरमा नै १२ जोड शिक्षा आर्जन गर्न धादिङ बजारमा बसाई सर्नुपर्ने बाध्यता छ । यस परिस्थितिका कारण नगरपालिकाको वडा नं. ३ मा रहेको धादिङ बजारतर्फ सरकारी तथा निजी दुबै प्रकारको विद्यालयमा विद्यार्थीहरुको चाप बढेको देखिन्छ । स्थलगत अवलोकनको क्रममा वरपरका वडामा बस्ने स-साना बालबालिकाहरु आफ्ना अभिभावकहरुको साथ लागेर कम्तीमा आधा घण्टाको दूरीमा अवस्थित वडा नं. ३ मा रहेको निजी विद्यालयमा अध्ययनको लागि दैनिक आवतजावत गर्ने गरेको देखियो । अभिभावकहरु बिरामी वा बेफुर्सदी हुँदा वा ठूलो पानी पर्दा ती बालबालिकाहरुलाई विद्यालयसम्म पुग्न निकै कठिन हुने गर्दछ । नगरपालिकाको एक मात्र सरकारी क्याम्पसले सबै वडाका विद्यार्थीहरुलाई समेट्ने दायित्व निर्वाह गरिरहेको छ । यस्तो अवस्थामा आर्थिक अवस्था कमजोर भएका परिवारका सन्तानलाई धादिङ बजारमा रहेको विद्यालय तथा क्याम्पसमा भर्ना गराउन निकै समस्या हुने गरेको छ । यस अतिरिक्त सन्तानको विद्या आर्जनको क्रममा अभिभावकत्वको लागि परिवारको कम्तीमा एक जना सदस्य धादिङ बजारमा बसोबास गर्नुपर्ने वाध्यता पनि रहेको छ ।

दश जोड र क्याम्पसमा उच्च शिक्षाको अध्यापन सामान्यतः बिहानको सत्रमा हुने भएकोले पनि आंशिक समयको कामको खोजीमा रहेका विद्यार्थीहरुका लागि सुहाँउदो अवसर उपलब्ध हुनु आवश्यक छ । विशेषतः वरपरका वडाबाट अध्ययनको लागि धादिङ बजारमा बसोबास गरिरहेका विद्यार्थीका लागि मासिक खर्च धान्न हम्मेहम्मे पर्छ । हालसम्म नगरपालिकाको वडा नं. ७ मा एकमात्र प्राविधिक शिक्षालय रहेको छ । १० कक्षाको एसईई परीक्षाको प्राप्ताङ्क सन्तोषजनक नभएका विद्यार्थीका साथै अन्य विद्यार्थीहरुलाई समेत सीप आर्जन गरेर आफ्नो क्षमता विकास गर्न यस नगरपालिका क्षेत्रमा प्राविधिक शिक्षालयको अभाव छ ।



**तस्बिर ९: नगर केन्द्रमा अवस्थित क्याम्पस**

## विद्यालयको विवरण

**तालिका १३: नगर क्षेत्रको शैक्षिक संस्थाहरुको विवरण**

| वडा | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च माध्यमिक | निजी विद्यालय | क्याम्पस | प्राविधिक |
|---|---|---|---|---|---|---|---|
| १ | ४ | १ | ३ | – | – | – | – |
| २ | ५ | १ | १ | १ | १ | – | – |
| ३ | १ | १ | १ | १ | १० | १ | २ |
| ४ | ४ | – | १ | – | १ | – | – |
| ५ | ६ | ३ | १ | – | – | – | – |
| ६ | ५ | १ | – | १ | – | – | – |
| ७ | ४ | १ | २ | – | – | – | १ |
| ८ | ६ | – | १ | – | – | – | – |
| ९ | ३ | – | १ | १ | १ | – | – |
| १० | – | २ | २ | – | – | – | – |
| ११ | ३ | १ | २ | १ | – | – | – |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१२** | २ | १ | १ | १ | – | – | – |
| **१३** | ५ | – | २ | – | – | – | – |
| **१४** | ४ | १ | १ | १ | | – | – |
| **जम्मा** | ५२ | १३ | १९ | ७ | १३ | १ | ३ |

स्रोतः जिल्ला शिक्षा कार्यालय तथा वडा स्तरीय छलफल २०७४

## ८.३. संस्कृति तथा रीतिरिवाज


यस नगरपालिकाको जातजातिको विवरण निम्नानुसार छः

**तालिका १४: विभिन्न जातजातिको जनसंख्याको विवरण**

| क्र.स. | जातजाति | जम्मा जनसंख्या | जम्मा प्रतिशत |
|---|---|---|---|
| १ | नेवार | १०३०२ | १७.५० |
| २ | बाह्मण | ९६७५ | १६.४३ |
| ३ | गुरुङ | ९६०९ | १६.३२ |
| ४ | क्षेत्री | ७०९९ | १२.०६ |
| ५ | मगर | ६१९७ | १०.५३ |
| ६ | तामाङ | ४५५७ | ७.७४ |
| ७ | सार्की | ३७८१ | ६.४२ |
| ८ | दमाई | १६०३ | २.७२ |
| ९ | कुमाल | १२६८ | २.१५ |
| १० | अन्य (ठकुरी, सन्यासी, घर्ती, मुसलमान आदि) | ४७८५ | ८.१३ |
| | जम्मा जनसंख्या | ५८८७६ | १०० |

*स्रोतः नगरपालिकाले राष्ट्रिय जनगणना २०६८ को आधारमा तयार पारेको तालिका*

समग्रमा नीलकण्ठ नगरपालिकामा विविध जातजातिको बसोबास रहँदै आएको छ, जस अन्तर्गत जातजातिहरुको बाहुल्यक्रममा पहिलो स्थानमा नेवार, दोश्रो बाह्मण र तेश्रो गुरुङ्ग रहेका छन् । धादिङको नाम लिने बित्तिक्कै जिल्लाभरी तामाङ र बाह्मण जातिको बाहुल्यता छ भन्ने आमधारणा विपरीत हालको जनसंख्या विवरण हेर्दा नेवार (१७.५० %), बाह्मण (१६.४३ %) र गुरुङ (१६.३२ %) रहेको छ ।




**चित्र ४: जातजातिको आधारमा जनसंख्याको प्रतिशत**

## धर्म, चाडपर्व, मेला तथा महोत्सव

नीलकण्ठ नगरपालिकामा हिन्दू, बौद्ध, मुसलमान, क्रिश्चियनआदि धर्मावलम्बीहरु अ–आफ्नो धार्मिक मान्यता अनुसार मन्दिर, गुम्बा, मस्जिद, चर्चआदिमा नियमित आराधनाको लागि जाने प्रचलन छ । धर्म र चाडपर्वलाई जातजातिसँग दाँजेर हेर्दा प्रायः अधिकांशले दशैं, तिहार, पूर्णिमा, माघे संक्रान्ति, तीज आदि मान्दै आएको देखिए पनि अन्य धर्मावलम्बीहरु जस्तै गुरुङले तमु ल्होसार, तामाङले सोनाम ल्होसार, मगरले उधौली-उभौली पूर्णिमा, कुमालले माघे संक्रान्ति, मुसलमानले ईद, क्रिश्चियनले क्रिसमसआदि मनाउने गरेको पाइन्छ । नीलकण्ठ नगरपालिकाको भैरवी स्थान, पञ्चकन्या, मन्दुभी, पशुपति, बागेश्वरी, धुसेनी गुम्बा, जलकन्या, आहाल देवीआदि स्थानीय मन्दिरहरुमा लाग्ने विशेष मेलाहरुमा प्रायः सबै जना श्रद्धाका साथ सहभागी हुने र यसलाई आफ्नो धार्मिक धरोहरको रुपमा लिने गर्दछन् । केही वर्षयता विशेष गरी तामाङ जातीहरुले आफूले अवलम्वन गर्ने गरेको साविक धर्म परिवर्तन गरी क्रिश्चियन धर्म मान्न थालेको पनि पाईन्छ । मूलतः धादिङ बजार, वडा नं. ३ तथा वरपर विशेष रुपमा तिनको बसोबास रहेको पाइन्छ ।

माघे संक्रान्तिमा लाग्ने गोरु जुधाउने मेला, लाखे जात्रा आदिलाई स्थानीय पहिचान फल्कने मेलाको रुपमा प्रवर्द्धन गर्न थालिएको छ । केही वर्षदेखि आन्तरिक पर्यटन प्रवर्द्धनको लागि धादिङ महोत्सवको पनि आयोजना हुने गरेको छ । हालसम्म यस्तो महोत्सव धादिङ बजार, वडा नं. ३ मा विभिन्न सांस्कृतिक कार्यक्रम, परिकार, हेलिकप्टर तथा हात्ती चढ्ने, प्याराग्लाइडिङआदि कार्यक्रम समावेश गरी सञ्चालन गर्ने गरिएको छ ।

विवाह, मेला, उत्सवआदिमा बजाइने बाजाको रुपमा हालसम्म पनि परम्परागत पञ्चे बाजाको प्रचलन यथावत् रहेको देखिन्छ । धादिङ बजारमा समेत विवाहमा पञ्चे बाजाको प्रश्स्तै प्रयोग भएको पाइन्छ ।

**तालिका १५: वडामा रहेका जातजाती र भाषाको विवरण**

| वडा नं. | जातजातीहरु | प्रमुख बाहुल्यता रहेका ४ जातीहरु | बोलिने भाषा |
|---|---|---|---|
| १ | गुरुङ, तामाङ, मगर, सन्यासी, क्षेत्री | १. गुरुङ २. तामाङ ३. मगर ४. सन्यासी | तामाङ, नेपाली |
| २ | गुरुङ, मगर, दलित, नेवार | १. गुरुङ २. मगर ३. दलित ४. नेवार | नेपाली |
| ३ | तामाङ, नेवार, बाहुन, क्षेत्री, दलित, मगर | १. तामाङ २. नेवार ३. बाहुन ४. क्षेत्री | तामाङ, नेपाली |
| ४ | नेवार, ठकुरी, गुरुङ, क्षेत्री, बाहुन, दलित (सार्की, दमाई, कामी), तामाङ, मगर | १. नेवार २. ठकुरी ३. गुरुङ ४. क्षेत्री | तामाङ, नेपाली |
| ५ | नेवार, क्षेत्री, बाहुन, दलित ( सार्की), तामाङ, मगर | १. नेवार २. बाहुन ३. मगर ४. दलित (सार्की) | तामाङ, नेपाली |
| ६ | जानकारी प्राप्त हुन नसकेको | जानकारी प्राप्त हुन नसकेको | नेपाली |
| ७ | दलित (सार्की), मगर, क्षेत्री, बाहुन | १. दलित (सार्की) २. मगर ३. क्षेत्री ३. बाहुन | नेपाली |
| ८ | नेवार, कुमाल, क्षेत्री, बाहुन, दलित, तामाङ, मगर | १. नेवार २. कुमाल ३. क्षेत्री ४. बाहुन | कुमाल, तामाङ, मगर, नेपाली |
| ९ | नेवार, बाहुन, गुरुङ, दलित ( कामी), क्षेत्री, तामाङ | १. नेवार २. बाहुन ३. गुरुङ ४. दलित (कामी) | तामाङ, नेपाली |
| १० | नेवार, क्षेत्री, बाहुन, दलित, तामाङ, मगर | १. क्षेत्री २. बाहुन ३. दलित ४. मगर | तामाङ, नेपाली |
| ११ | नेवार, क्षेत्री, बाहुन, दलित, तामाङ, मगर, गुरुङ, | १. नेवार २. मगर ३. गुरुङ ४. क्षेत्री | नेपाली |
| १२ | जानकारी प्राप्त हुन नसकेको | जानकारी प्राप्त हुन नसकेको | नेपाली |
| १३ | जानकारी प्राप्त हुन नसकेको | जानकारी प्राप्त हुन नसकेको | नेपाली |
| १४ | तामाङ, बाहुन, क्षेत्री, नेवार | १. तामाङ २. बाहुन ३. क्षेत्री ४. नेवार | तामाङ, नेपाली, नेवार (अलिअलि) |

स्रोतः वडा स्तरीय छलफलका आधारमा तयार पारिएको तालिका, २०७४

नगरपालिकालाई जातिगत बाहुल्यताको आधारमा हेर्दा वडाहरुको आफ्नै पहिचान भएको र एक अर्काको तुलनामा विविधता रहेको देखिन्छ । जस्तै वडा नं. १ मा गुरुङ र तामाङ जाति, २ मा गुरुङ र मगर जाति, ३ मा तामाङ जाति, ४ मा नेवार र ठकुरी जातिको बाहुल्य देखिन्छ । वडा नं. ७ मा दलित ( सार्की) जातिको बसोबास धेरै रहेको पाइन्छ भने वडा नं. ८, ९ र ११ मा नेवार जातिको बाहुल्यता र वडा नं. १४ मा तामाङ जातिको बाहुल्यता देखिन्छ ।

हाल बोलीचालीमा रहेको मातृभाषाको अवस्था हेर्दा तामाङ्ग जातिले सबै वडामा आफ्नो मातृभाषालाई बोलीचालीमा प्रयोग गर्ने गरेको पाइन्छ । मगर र कुमाल जातिको मातृभाषा कहीं कतै बोलिने र नयाँ पुस्ताले दैनिक बोलीचालीमा खासै प्रयोग नगरेको पाइएकाले यी भाषाहरु विस्तारै लोपोन्मुख हुन थालेको सङ्केतको रुपमा लिन सकिन्छ । नेवारी भाषाको सन्दर्भमा अघिल्लो पुस्ताले कहीं कतै बोल्ने गरेको भए पनि हाल लोपोन्मुख भएको जानकारी पाइयो । गुरुङ्ग जातिले भने अघिल्लो पुस्ताबाटनै मातृभाषामा नबोल्ने जानकारी पाइयो । गुरुङ्ग जातीहरुको भाषा धेरै अगाडि नै यस नगरपालिकाबाट लोप भइसकेको

अवस्था छ ।

**जातीय पहिरन**

नीलकण्ठ नगरपालिकामा रहेका जातजातीहरुको दैनिक पहिरनमा विशेष फरक पाइंदैन । गुरुङ्ग र तामाङ्ग समुदायका वयोवृद्धाहरुले कुनै स्थानहरुमा पारम्परिक घलेक, लुंगी, गुनियोलाई आफ्नो दैनिक पोशाकको रुपमा प्रयोग गर्ने गरेको देख्न सकिन्छ । वडा नं. ३ मा रहेको धादिङ बजारमा गुरुङ, तामाङ, मगर आदिको पहिरन बिक्रीमा राख्ने गरेकोले यहाँ जातीगत चाडपर्व विशेषमा आफ्नो जातीय पहिरनको प्रशस्तै माग हुने गरेको छ ।

## ८.४. सुरक्षा

प्रायः सबै वडाहरुमा बालबालिका, एकल महिला (विद्यवा वा श्रीमान बेपत्ता भएको), जेष्ठ नागारिक, अपाङ्ग, दलित बालबालिकाहरुको उपस्थिति छ । सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने बाहेक हालसम्म यस वर्गप्रति लक्षित विशेष कार्यक्रम सञ्चालन भएको पाँइदैन । उनीहरुको सख्या वडामा के कति छ भन्ने जानकारी प्रायः सबै वडाहरुलाई भए तापनि त्यस्तो संख्या आधिकारिक रुपमा कार्यालयमा अद्यावधिक गर्ने गरेको देखिदैंन ।

**तालिका १६ : नगरपालिकाको सामाजिक सुरक्षा भत्ताको विवरण**

| विवरण | जम्मा संख्या |
|---|---|
| जेष्ठ नागारिक | ३१५४ |
| जेष्ठ नागारिक (दलित) | ७७० |
| एकल महिला (विधवा) | १४४८ |
| एकल महिला | ० |
| पूर्ण अपाङ्ग | ११४ |
| आंशिक अपाङ्ग | १४८ |
| दलित बालबालिका | ७७० |

*स्रोतः पञ्जिकरण शाखा, नीलकण्ठ नगरपालिका, २०७४*

नीलकण्ठ नगरपालिकामा सामान्य अवस्थामा बाहेक बेलामौकामा लाग्ने स्थानीय मेलाहरुमा समेत सुरक्षाको लागि आवश्यक प्रहरी परिचालन हुन सकेको छैन । हाल उपलव्ध प्रहरी सेवाको वितरणलाई हेर्दा तीन वटा वडाहरुको मात्र यसमा पहुँच भएको देखिन्छ । नगरपालिकाको भौगोलिक संरचना तथा यातायातको सुविधालाई हेर्दा हालको स्थानबाट प्रहरी सेवा प्रदान गर्नु पनि चुनौतीपूर्ण छ । केही वडाका बासिन्दाहरु चोरी, लुटपाटआदिबाट त्रसित हुनुका साथै रातको समय र एक्लै हिंडडुल गर्दा असुरक्षित महशुस हुने बताउँछन् । यस नगरपालिकामा हुने घरेलु तथा सामाजिक हिंसा, अपराध, शोषणआदिको मात्रा अन्य स्थानहरुमा जस्तै रहेको छ । जिल्ला प्रहरी र सामुदायिक रेडियोले दिएको जानकारीअनुसार यस नगरपालिकामा केही वर्षदेखि आत्महत्याको संख्यामा वृद्धि भइरहेको छ ।
हाल नगरपालिका क्षेत्रमा रहेका प्रहरी सुरक्षा केन्द्रहरुको विवरण निम्नानुसार छ :

**तालिका १७ : नीलकण्ठ नगरपालिकाको प्रहरी सेवा**

| क्र.सं. | सेवा सुविधा | स्थान |
|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | वडा नं. ३, धादिङ बजार |
| २ | ईलाका प्रहरी कार्यालय | वडा नं. ६, सुनौला बजार |

| | | |
|---|---|---|
| ३ | प्रहरी चौकी | वडा नं. १४, धुँवाकोट |
| ४ | प्रहरी पोष्ट १, गस्ती, मोवाइल टिम, पिकेट | वडा नं. ३, धादिङ बजार |

*स्रोत: नीलकण्ठ नगरपालिका जिल्ला प्रहरी कार्यालयबाट लिइएको विवरण, २०७४*

## ८.५. बसाईसराई

नगरपालिकाको पञ्जीकरण शाखामा दर्ता भई अद्यावधिक गरिएको विवरण हेर्दा यहाँबाट बसाई सरेर जानेहरुको संख्या सामान्य छ । तर, मुलुकभर प्रचलित अभ्यास अनुसार यस नगरपालिकामा पनि गाउँबाट बजारमा भएको बसाइसराइ दर्ता नगरी बसोबास गरिरहेका परिवारहरुको संख्या धेरै छ । त्यसैगरी, यस स्थानबाट चितवन, पोखरा र काठमाडौंआदि स्थानमा गएकाहरु पनि प्रशस्तै छन् । यस्तो अनौपचारिक बसाईसराईको कारणसम्बन्धी आधिकारिक र यकिन आँकडा उपलब्ध छैन । स्थानीय व्यक्ति, संघसंस्था, टोल सुधार समितिआदिले दिएको जानकारी अनुसार यसरी बसाईसराई अनौपचारिक रहनुको प्रमुख कारण उनीहरुलाई यस प्रक्रियाको औपचारिक कागजातको खासै आवश्यकता नपर्नु वा आफ्नो गाउँमा प्रशासनिक कारोबार गर्दा पनि काम हुने भएर हो भन्ने जानकारी प्राप्त भयो । बसाईसराईको स्थानीय प्रचलन हेर्दा वरपरका गाउँबाट धेरै मात्रामा यहाँको बजार क्षेत्र, केही मात्रामा चितवन र काठमाडौं जाने गरेको देखिन्छ । धादिङ बजारमा बस्ने युवा तथा सम्पन्न वर्गको लागि भने बसाईसराईको लक्षित गन्तव्य स्थान काठमाडौं रहेको पाइयो । धादिङ जिल्लाका अन्य गाउँहरु तिप्लिङ, लाफा, दार्खा, फलेबास, ज्वालामुखीआदि उत्तरी भेगबाट धादिङ बजार नजिकको वडा नं. ४ र ८ मा गोर्खा भूकम्प, २०७२ पछि बसाईसराई भएको पाइन्छ । केही वडाहरुमा भने बसाईसराईको अवस्था स्थिर नै रहेको पाइन्छ । अन्तर्निहित व्यक्तिगत कारण जे जस्तो भए पनि शिक्षा, जीविकोपार्जन, यातायात, सुरक्षित बसोबास र भविष्यको खोज नै बसाईसराईको प्रमुख कारण हुने गरेको छ ।

**तालिका १८ : विगत तिन बर्षको बसाईसराईको अवस्था**

| वर्ष | बसाइ सरेर आएको | बसाइ सरेर गएको |
|---|---|---|
| **२०७१** | १०४ | ६२ |
| **२०७२** | १६४ | १६७ |
| **२०७३** (९ महिनाको मात्र) | १७६ | ५६ |

स्रोत: नीलकण्ठ नगरपालिका पञ्जिकरण शाखाबाट लिइएको विवरण, २०७४

## ८.६. पेशा तथा व्यवसाय

सबै वडाहरुमा जीविकोपार्जनको मुख्य पेशाको रुपमा कृषि नै रहेको देखिए पनि विविध कारणवश केही सीमित परिवार बाहेक अन्यलाई कृषि उपजले वर्षभरिको आवश्यकता पूर्ति गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा वैकल्पिक पेशाको रुपमा दैनिक ज्यालादारी र वैदेशिक रोजगारलाई पनि अपनाउने गरेको पाइन्छ । दैनिक रोजगारीमा महिला र पुरुष दुवै थरीको समान सहभागिता रहने गरेको देखिन्छ । कामको लागि गाउँमा नै हुने पुनर्निर्माण, घरेलु व्यवसाय, कृषि, धादिङ बजार तथा आसपासमा हुने घर निर्माणआदि काममा तिनको संलग्नता रहने गरेको छ । १४ वटै वडामा वैदेशिक रोजगारीका लागि जाने युवाहरुको अभ्यासलाई अध्ययन गर्दा अधिकांश वडामा यो विकल्प तेश्रो प्राथमिकता क्रममा मात्र परेको पाइन्छ । त्यसमा पनि यसरी जाने युवाहरुमा महिलाको संख्या अति न्यून छ । केही वडाका युवाहरु आफ्नो गाउँ वा नेपालका अन्य स्थानमा रोजगारीमा लागेर आय आर्जन गरिरहेको हुँदा वैदेशिक रोजगारीमा खासै आकर्षण नभएको पाईन्छ । उदाहरणको लागि वडा नं. ८ मा रहेका कुमाल युवाहरु गाउँमा र नजिकमा रहेको धादिङ बजारमा दक्ष र अदक्ष दुवै थरीको ज्याला मजदुरीमा लाग्नुका साथै

यातायात व्यवसाय तथा सेवा, व्यापारआदिमा लागिरहेको पाइन्छ ।

यहाँका व्यावसायिक कृषकहरु केही वडाहरुमा आफ्नो पहिचान स्थापित गर्न सफल भइसकेका छन् । वडा नं. २ मा तरकारी, फलफूल, पशुपालनआदिमा तिनीहरुले व्यावसायिकता हासिल गरिसकेको अनुकरणीय उदाहरण छ । यस वडाको माटो उर्बर भएकोले व्यवस्थित यातायात तथा सिंचाईको सुविधा उपलव्ध भएमा सम्पूर्ण वडाहरुमा कृषि उत्पादन उच्च हुन सक्ने सम्भावना यथेष्ट छ ।

**तालिका १९: वडाहरुमा पेशागत विवरण**

| वडा नं. | प्राथामिकताको आधारमा पेशा क्रमश : |
|---|---|
| १ | १. कृषि २. वैदेशिक रोजगारी ३. ज्याला मजदुरी |
| २ | १. कृषि २. ज्याला मजदुरी ३. वैदेशिक रोजगारी |
| ३ | १. व्यापार व्यवसाय २. कृषि ३. वैदेशिक रोजगारी |
| ४ | १. कृषि २. ज्याला मजदुरी ३. वैदेशिक रोजगारी |
| ५ | १. कृषि २. व्यापार व्यवसाय ३. कृषिऔजार तथा भाँडाहरु बनाउने |
| ६ | जानकारी प्राप्त हुन नसकेको |
| ७ | १. कृषि २. ज्याला मजदुरी ३. ब्यापार |
| ८ | १. कृषि २. ज्याला मजदुरी ३. वैदेशिक रोजगारी |
| ९ | १. कृषि २. ज्याला मजदुरी ३. वैदेशिक रोजगारी |
| १० | १. कृषि २. वैदेशिक रोजगारी ३. सरकारी सेवा |
| ११ | १. कृषि २. वैदेशिक रोजगारी ३. ज्यालामजदुरी |
| १२ | जानकारी प्राप्त हुन नसकेको |
| १३ | जानकारी प्राप्त हुन नसकेको |
| १४ | १. कृषि २. वैदेशिक रोजगारी |

स्रोत: वडा स्तरीय छलफल आधारमा तयार पारिएको विवरण, २०७४

## ८.७. महिला

### महिलाको अवस्था र सहभागिता

नीलकण्ठ नगरपालिकाको कुल जनसंख्यामा महिला र पुरुषको अनुपात हेर्दा महिलाको संख्या केही मात्रामा बढी देखिन्छ: (महिलाको संख्या ३२०२५, पुरुषको संख्या २६८५१) तापनि स्थानीय सरकारमा ( वडा स्तर) महिलाको सहभागीता हेर्दा सबै १४ वडामा नै महिलाको प्रतिनिधित्व महिला सदस्य र दलित प्रतिनिधिको रुपमा मात्र सीमित छ । यी सबै जसो महिला वडा सदस्यहरु यस पटकको निर्वाचनबाट प्राप्त अवसरको कारणले मात्रै राजनीतिमा लागेको अनुभव सुन्न पाइन्छ । वैधानिक रुपमा नै महिला तथा दलित सदस्यको उपस्थिति अनिवार्य भएकोले उम्मेदवारी दर्ताको लागि घरमा नै विभिन्न दलबाट मनोनयनको प्रस्ताव आएकोले उनीहरु दलको पहिचान सहित चुनावमा उठेको देखिन्छ । पहिलो पटक यसरी चुनावमा उठेको र विजयी भएर वडाको प्रतिनिधित्व गर्न पाउँदा चुनौतीपूर्ण अवसर भए पनि आफ्नो समुदायको लागि नेतृत्व लिन पाउँदा गौरवानुभूति भएको उनीहरु बताउँछन् । घर परिवारको पूर्ण सहयोग प्राप्त भए पनि नगरपालिकाको भौगोलिक अवस्थिति तथा यातायातको असुविधाले गर्दा उनीहरुलाई घरको जिम्मेवारीसँगै महिला सदस्यको जिम्मेवारीबीच तालमेल कायम गर्न कठिनाई भइरहेको छ ।

साक्षरताको दृष्टिले धेरै जसो दलित महिला तथा महिला सदस्यहरु साक्षर नै छन् । तर, वडा स्तरीय बैठकमा दलित महिला तथा महिला सदस्यहरुको उपस्थिति अति न्यून हुने गरेको पाईन्छ । कतिपय अवस्थामा छलफलको विषयवस्तुबारे जानकारी वा ज्ञानको अभावमा उनीहरुको उपस्थिति गणपूरकको

रुपमा मात्र सीमित हुने गरेको पनि पाइन्छ । तथापि उनीहरु आफ्नो दल र दलको निर्णय प्रति वफादार भएको अनौपचारिक कुराकानीको क्रममा झल्किन्छ । केही दलित महिला वडा सदस्यहरु आयआर्जनका लागि आफ्नो परम्परागत पेशामा लागिरहेकोले आत्मनिर्भर पनि देखिन्छन् । तर, समय-समयमा आयोजना हुने वडा भेला, बैठक, कामआदिले गर्दा आफ्नो पसल तथा व्यवसाय बन्द गरेर जानु पर्ने र यातायातको असुविधाले गर्दा नियमित कमाइबाट पनि बञ्चित हुनु परेको अवस्था विद्यमान छ ।

नगरपालिकाको १४ वटै वडाका अध्यक्ष, नगर प्रमुख तथा नगर उपप्रमुख पदमा पुरुषको बाहुल्यता भएकोले महिला मुद्दा समावेशीकरणको सम्भावना न्यून रुपमा मात्र आउने चुनौती रहेको छ । नगर स्तरमा हुने बैठकमा केही महिला कर्मचारी र केही महिला कार्यपालिका सदस्यको मात्र उपस्थितिले गर्दा उनीहरुले उठाउने विषयहरुले पर्याप्त स्थान पाउने सम्भावना पनि न्यून नै रहन्छ । वडा स्तरीय बैठकमा पनि महिला वडा सदस्यहरुको उपस्थिति न्यून हुने गरेको पाइन्छ । उपस्थित हुने महिला सदस्यहरु पनि बैठक समाप्ति हुने समय तिर आइपुग्दा उनीहरुको सरोकारको विषयवस्तु बुझाउने र बैठकको कार्यमा योगदान गर्ने भूमिकाबाट उनीहरु बञ्चित हुन पुग्दछन् । प्रायः महिला सदस्य प्रथम पटक निर्वाचित भएको कारणले गर्दा अनुभवको कमीका कारण राजनितिक छलफल र बैठकहरुमा उनीहरुको सबल प्रस्तुति तथा स्वस्फूर्त सहभागिता बढाउन एवं पदीय काम कर्तव्यको बोध गराउन नगरपालिकाले पनि कसरत गर्नु आवश्यक छ । वडाहरुमा हुने छलफललाई हेर्दा समुदाय स्तरमा महिलाको उपस्थिति प्रायः शून्य देखिन्छ । यस्तो अभ्यासले वडामा हुने छलफल तथा निर्णयमा महिलामैत्री कार्यक्रम पारित हुने सम्भावना कम हुन्छ ।

**महिलाको आय आर्जन (बजार केन्द्रमा)**

महिलाहरु नगन्य मात्रामा मात्र शिक्षण पेशा, संघ संस्थामा नोकरी, श्रृंगार, फुटपाथ पसल, रेष्टुरेण्ट, चिया खाजा पसल, सिलाई, हाते बुनाई, दैनिक ज्यालादारीआदिमा संलग्न भएको पाइन्छ । वैदेशिक रोजगारमा जाने महिलाको संख्या झनै न्यून छ । केही महिलाहरु स्थानीय तहको स्वरोजगार, आय आर्जनमा मेहनतका साथ लागि परेर राम्रो आम्दानी गरी आफ्नो स्थानमा उदाहरणको रुपमा स्थापित भएको पनि पाइन्छ । श्रीमान्ले वैदेशिक रोजगारबाट कमाएको रकमलाई उचित लगानी गरी यी महिलाहरुले व्यवसाय विस्तार गर्ने र जग्गा किन्ने गरेको पनि पाइन्छ । धेरै जसो श्रीमान् वैदेशिक रोजगारीमा गएका महिलाहरु गाउँबाट यथाशीघ्र धादिङ बजारमा सर्ने र एउटा कोठा भाडामा लिएर बस्ने गरेको पाइन्छ । यसरी बजारमा सर्नुको प्रमुख कारणमा बालबच्चाको शिक्षा हुने गरेको छ । धादिङ बजारमा यसरी लिएको एउटै कोठामा उनीहरु खाना पकाउने, सुत्ने, बच्चालाई पढाउने, बस्ने, पाहुना राख्ने आदि गर्दछन् । उनीहरुले बजारमा प्रति कोठा करीब रु. २५००/– मासिक भाडा तिर्ने गरेको पाइन्छ । बालबच्चाको विद्यालय समयसँग बच्चाका आमाहरुले समय मिलाउनु पर्ने हुँदा आंशिक समयको काम गर्ने वा घरेलु उद्यम गर्ने अवसरको अभावमा फुर्सदको समय त्यत्तिकै गफिएर वा टहलेर अनुत्पादक तवरले बिताउने गरेको पाइन्छ ।

वैदेशिक रोजगारमा भएका श्रीमानको आयमा निर्भर कतिपय महिलाहरुको आफ्नो परिवारसँग तथा विदेशमा रहेका श्रीमान्सँग नै पनि सुमधुर सम्बन्ध कायम हुन नसकेको अवस्था पनि देखिन्छ । यस्तो हुनुको मूलभूत कारण नै महिलाहरुलाई आय आर्जनको लागि समुचित अवसर उपलव्ध नहुनु र विलासिताको अनावश्यक लत बस्नु हो ।

**महिलाको आय आर्जन (वरपरको वडाहरुमा)**

नगरपालिकाको शहरी वडा नं. ३, धादिङ बजार बाहेक अन्य वडाहरुमा बस्ने महिलाहरुको समय घरपरिवार, खेतबारी, पशुपालनआदिमा नै बित्ने गरेको देखिन्छ । धादिङ बजारबाट नजिकका वडाहरुमा बस्ने केही महिलाहरु बजारमा दैनिक ज्यालादारीको काममा लागेको पनि देखिन्छ । यस बाहेक आय आर्जनको लागि यी वडाहरुमा कुनै उल्लेख्य अवसर उपलव्ध भएको देखिदैंन ।

### ८.८. बालबालिका

#### ८.८.१. बाल संरक्षण समिति तथा बाल क्लबको पहिचान

संघीय संरचनाको स्थापना पश्चात् गठित स्थानीय सरकारको नयाँ कार्य प्रणाली तथा नयाँ संरचनाले गर्दा यस नगरपालिकामा बाल संरक्षण समिति तथा यस अन्तर्गतका कार्यक्रमहरु व्यवस्थित हुने क्रममा नै रहेको छ । जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालयको काम कर्तब्य हाल नगरपालिकाको मातहतमा आएकोले कार्यक्रम तथा प्रशासनिक व्यवस्थापनमा केही समय लागेको छ । फलस्वरुप बाल संरक्षण समितिले स्थानीय स्तरमा गर्ने काम कर्तव्य र अधिकारको विषय पनि नयाँ संरचनाको पर्खाईमा रहेकोले अपेक्षित गति लिन सकेको छैन । बाल क्लबको पहिचान विद्यालय अन्तर्गत रहेको हुँदा यी क्लबहरु आफ्नो विद्यालयसँग सम्बन्धित क्रियाकलापहरुमा सीमित रहेको अनुभूति हुन्छ ।

#### ८.८.२. बाल संरक्षण तथा सहभागिता

'देश विकासका लागि बालबालिका नै वर्तमान हुन्' भनी स्वीकारिएको अवस्थामा नगरपालिका स्तरीय तथा वडा बैठकहरुमा बालबालिकाको उपस्थिति तथा उनीहरुको पहिचान अपेक्षित मात्रामा भएको देखिँदैन । कुनै पनि बैठकमा बाल संरक्षण तथा बाल सहभागिताको विषय उठेको अभिलेख छैन । नगरपालिका स्तरको बैठकमा केही विषयगत सरोकारवालाहरुले बालबगैंचा निर्माणको सुझाव दिनु बाहेक बालबालिकाको भूमिकालाई नगरपालिकाको योजनाले सम्बोधन गरेको छैन । अन्य ठूला शहरहरुमा आम रुपमा देखिने सडक बालबालिकाको समस्या धादिङ बजारमा देखिँदैन ।



**तस्बिर १०  वडा नं. ४ मा खेलिरहेका बालबालिका**

#### ८.८.३. बाल बगैंचा तथा क्रीडास्थल

बालबालिकाप्रति लक्षित कुनै बाल उद्यान नगरपालिकाको धादिङ बजारमा समेत रहेको पाइँदैन । सबै वडाका बालबालिकाहरु खेल्नको लागि खुला चौरको खोजीमा विद्यालय नै पुग्नु पर्ने वा आफ्नै घर आँगनमा खेल्न बाध्य छन् ।

### ८.९. अपाङ्गता

#### ८.९.१. अपाङ्गताको पहिचान

वडाहरुमा के कति अपाङ्गता भएका व्यक्तिहरु छन् भन्ने बारेमा नगरपालिकामा अद्यावधिक आँकडा रहेको भए तापनि वडाहरुले भने त्यस्तो तथ्याङ्क अद्यावधिक गरेको देखिदैंन । यस नगरपालिकामा मूकवधीर, हिंड्डुलमा अशक्त, दृष्टिविहीनआदि अपाङ्गता भएकाहरु छन् । धादिङ बजारमा अन्य ठूला शहरहरुमा जस्तो अपाङ्गता भएकाहरु परित्यक्त भएको देखिंदैन । उनीहरुको सेवा सुविधा तथा कार्यक्रमको कुरा गर्दा नेपाल सरकारले प्रदान गर्ने कार्डको सुविधा बाहेक अन्य कुनै कार्यक्रम भएको जानकारी उपलब्ध हुन सकेन । नगरपालिकाको वडा नं. ३ बाहेक अन्य बाँकी १३ वटा वडाहरुको पूर्वाधार तथा सुविधाको संरचना ग्रामीण प्रकृतिको भएकोले यी वडाहरुमा शारीरिक रुपमा सबल व्यक्तिहरु समेत सतर्क भएर हिंडडुल गर्नुपर्ने अवस्था देखिन्छ । नगरपालिका कार्यालय तथा यसको वरपर पनि अपाङ्गमैत्री संरचनाहरु निर्माण भएको पाँइदैन ।

#### ८.९.२. अपाङ्ग सहभागिता

नगरपालिका स्तरीय तथा वडा बैठकहरुमा अपाङ्गता भएकाहरुको उपस्थिति तथा उनीहरुको पहिचान उल्लेख्य रुपमा देखिँदैन । कुनै पनि बैठकमा अपाङ्गता भएकाहरु तथा उनीहरुको सहभागिताको बारेमा पर्याप्त सवालहरु उठेको देखिँदैन ।

### ८.१०. ज्येष्ठ नागरिक

#### ८.१०.१. ज्येष्ठ नागरिकको पहिचान

नीलकण्ठ नगरपालिकाका ज्येष्ठ नागरिकहरु व्यक्तिगत रुपमा विभिन्न सामाजिक सेवा, बैठक आदिमा सहभागी भएपनि नगरमा उनीहरुको संस्थागत पहिचान भएको देखिँदैन । उनीहरु जम्मा हुने गरेका चौताराहरु पनि विभिन्न किसिमले अतिक्रमित देखिन्छ । हालसम्म ज्येष्ठ नागरिकका लागि कुनै क्लब, स्याहार गृह, ज्येष्ठ नागरिक परिलक्षित कार्यक्रमआदि सञ्चालन भएको देखिँदैन । उनीहरु बजारका विभिन्न ठाउँमा बसेर गफ गर्ने स्थान नभएको र आवश्यक परेको वेला शौचालय समेत नभएको गुनासो गर्दछन् ।

#### ८.१०.२. ज्येष्ठ नागरिकको सहभागिता

नगरपालिका स्तरीय तथा वडामा हुने गरेका बैठकहरुमा ज्येष्ठ नागरिकहरुको खासै उपस्थिति भएको देखिंदैन । यस शहरी योजना तर्जुमाको सिलसिलामा आयोजित छलफल तथा बैठकहरुमा पनि ज्येष्ठ नागरिकहरुको सहभागिताको बारेमा सवाल उठेको पाइएन ।

# ९. आर्थिक पूर्वाधार

## ९.१. कृषि तथा पशुपालन

काठमाडौंबाट ८८ कि.मी. पश्चिममा अवस्थित धादिङ जिल्ला काठमाडौंको छिमेकी जिल्लाको रूपमा रहेको भए पनि आर्थिक विकासको दृष्टिले धेरै पछाडि परेको देखिन्छ । यसका विभिन्न कारणहरूमध्ये यस जिल्लाको भू-बनोटलाई एउटा प्रमुख कारकतत्वको रूपमा लिन सकिन्छ । पहाडै पहाडले ढाकेको यस जिल्लाको कूल ८८% भू-भागको भिरालोपना ३० डिग्रीभन्दा बढी छ । नेपालको कुल जनसंख्याको १.२७ % जनसंख्या बसोबास गर्ने यस जिल्लावासीको जीवनयापनको प्रमुख स्रोत वा आधार कृषि पेशा भए तापनि कृषिको स्थिति निर्वाहमुखी भन्दा माथि उक्लन सकेको देखिँदैन । कुल खेतीयोग्य जमिन ४८१३६ हेक्टर मध्ये ७३% अर्थात् ३५१५० हेक्टरमा मात्र खेती गरिएको छ र खेती गरिने जमिनमध्ये एक चौथाईमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ । यसैगरी खेती गरिएको कुल जमिनमध्ये एक तिहाईभन्दा अलि बढी मात्र खेत रहेको छ भने बाँकी पाखो जमिन रहेको छ । औसतमा ०.५५ हेक्टर कृषि चलन क्षेत्रफल रहेको छ भने कित्ताको औसत क्षेत्रफल ०.१७ हेक्टर रहेको छ । यस जिल्लामा धान, मकै, गहूँआदि गरी आ.व. २०७२/७३ मा ८३१३८१ मे.टन उत्पादन भएको थियो । यसैगरी तेलहन र दलहन “अर्थतन्त्र” क्रमश: ५३० र १०५८ मे.टन रहेको थियो । भौतिक पूर्वाधारको हकमा विद्युत, यातायात, सिँचाई, शिक्षा, स्वास्थ्यआदि जस्ता पूर्वाधारहरूको विकासले आशातीत गति लिन सकेको छैन ।

तरकारी उत्पादनमा ख्याति कमाएको यस जिल्लाले वर्षे, हिउँदे र वसन्ते तरकारी गरी आ.व. २०७२/७३ मा ७६,५७९ मेट्रिक टन विभिन्न प्रकारको तरकारी उत्पादन गरेको थियो र उत्पादनको परिमाण प्रत्येक वर्ष बृद्धिउन्मुख छ । यहाँ उत्पादन हुने तरकारीले काठमाडौंको तरकारी बजारको करिब ३०% हिस्सा ओगटेको अनुमान गरिन्छ । यसैगरी यहाँ सुन्तला जात (सुन्तला, जुनार, कागती, निबुवा, आदि), उष्ण प्रदेशीय (आँप, लिची, केरा, आदि) र पतझड (स्याउ, नास्पाती, आदि) गरी आ.व. २०७२/७३ मा १५०४९.१८ मेट्रिक टन फलफूल उत्पादन भएको थियो । आ. व. २०७२/७३ मा विभिन्न जातको आलु २३५१३.५८ मेट्रिक टन र विभिन्न प्रकारको मसला (अलैंची, अदुवा, लसुन, खुर्सानी, प्याज, आदि) १५९०.८५ मेट्रिक टन उत्पादन भएको थियो ।

**तालिका २०: कृषि उत्पादनको सारांश (आ. व. २०७२/७३)**

| क्र.सं | बाली | उत्पादन (मे. टन) |
|---|---|---|
| १. | खाद्यान्न | ८३१३८ |
| २. | तरकारी | ७६५७९ |
| ३. | आलु | २३५१३.५८ |
| ४. | फलफूल | १५०४९.१८ |
| ५. | तेलहन | ५३० |
| ६. | दलहन | १०५८ |

यस नगरपालिकाले धादिङ जिल्लाको करिब १०% भू-भाग ओगटेको छ भने जिल्लाको कुल जनसंख्याको १७.४१% यहाँ बसोबास गरिरहेका छन् । जिल्लाको एउटै मात्र नगरपालिकाको रूपमा रहेको यस नीलकण्ठ नगरपालिकाको आर्थिक आधारशीलाको रूपमा कृषि, व्यापार, पर्यटन, वैदेशिक रोजगार र केही हदसम्म उद्योग रहेको देखिन्छ ।

**क) कृषि**

यस नगरपालिकाको कुल क्षेत्रफल १९७२० हेक्टर भए तापनि कुल खेतीयोग्य जमिन जम्मा ७८४० हेक्टर अर्थात् ३९.७६% मात्र रहेको छ । त्यसमध्ये कुल खेती गरिएको जमिन जम्मा ६४१७ हेक्टर अर्थात् खेतीयोग्य जमिनको ८१.८५% मात्र रहेको छ । खेती गरिएको जमिनमध्ये १२.९८% मा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ । जम्मा खेतीयोग्य जमिनको अनुपातमा भने यो सुविधा १०.६३% जग्गामा मात्र उपलब्ध छ । अर्धसिंचित जमिनको हिस्सा भने ३५.४७% रहेको छ ।

**तालिका २१: नगरक्षेत्रमा कुल खेतियोग्य जमिन र सिंचाईको अवस्था**

| क्र. सं | नाम | कुल क्षेत्रफल | कुल खेती योग्य जमिन | सिंचित जमिन | अर्ध-सिंचित जमिन | पाखो बारी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मुश्लिभन्ज्यांग | २२५४ | ८३६ | ११४ | ३८९ | ४४२ | ९८५ |
| २. | सांङगकोष | २७४१ | १२४४ | ८९ | ३४७ | ४२५ | ८६१ |
| ३. | नीलकण्ठ | ३१३८ | १८७४ | ११५ | ४५८ | ५३६ | ११०९ |
| ४. | खाल्टे | ३१३७ | ७१६ | १४२ | ३६८ | ३८४ | ८९४ |
| ५. | सुनौलाबजार | २५७२ | ११९९ | ११८ | ३४८ | ३५२ | ८१८ |
| ६. | धुँवाकोट | २३९१ | ८२० | १२३ | ३३५ | ३४६ | ८०४ |
| ७. | ज्यामरुङ | ३४८७ | १२३१ | १३२ | ५३६ | ३१८ | ९८६ |
| | कुल | १९७२० | ७८४० | ८३३ | २७८१ | २८०३ | ६४१७ |

*(स्रोत: जिल्ला कृषि विकास कार्यालय, वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका आ. व. २०७२/७३, धादिङ बेशी, धादिङ)*

खेती गरिएको जमिनको हिसाबले नीलकण्ठ पहिलो र दोस्रोमा ज्यामरुङ देखिन्छ भने सिंचित जमिनको हिसाबले पहिलोमा खाल्टे र दोस्रोमा धुँवाकोट पर्दछ ।



**तस्बिर ११ नगरपालिकाको वडा नं. ३ को कृषिजन्य उर्बर भुमि**

## खाद्यान्न उत्पादन

आ. व. २०७२/७३ को तथ्याङ्क हेर्दा नीलकण्ठ नगरपालिकाको ७६८४ हेक्टर जमिनमा धान, मकै, गहूँ, कोदो रोपिएको देखिन्छ भने जिल्ला स्तरीय उत्पादकत्वलाई (न.पा.को उत्पादकत्व सम्बन्धी विवरण उपलब्ध नभएको) आधार मान्दा उक्त आ.व.मा कुल खाद्यान्न उत्पादन १५२६२.९६ मेट्रिक टन रहेको


देखिन्छ । उक्त खाद्यान्नको कुल उत्पादनमध्ये धानले झन्डै आधा हिस्सा (४८.६५%) ओगटेको छ भने धानपछि मकैले कुल खाद्य उत्पादनको करिब एक तिहाई (३१.३४%) अंश ओगटेको देखिन्छ । यसैगरी बाँकी करिब २०.०१% हिस्सा गहूँ र कोदोले ओगटेको छ । पहाडी क्षेत्र भए तापनि यहाँ धान नै प्रमुख रोजाइको खाद्य बाली भएको तथ्य यसबाट स्पष्ट हुन्छ ।




चित्र ५: कुल खाद्यान्न उत्पादनमा विभिन्न खाद्यान्नको हिस्सा (प्रतिशतमा)

**तालिका २२: नीलकण्ठ नगरपालिकामा खाधान्न उत्पादन आ. व. २०७२/७३**

| क्र. सं | बाली | बाली गरिएको क्षेत्रफल (हे. ) | उत्पादकत्व मे. ट./ हे. | उत्पादन मे. ट./ हे. | (%) |
|---|---|---|---|---|---|
| १. | धान | ३०५६ | २.४३ | ७४२६.०८ | (४८.६५) |
| २. | मकै | २४२८ | १.९६ | ४७८३.१६ | (३१.३४) |
| ३. | गहूँ | ८२६ | २.१५ | १७७५.९ | (११.६४) |
| ४. | कोदो | १३७४ | ०.९३ | १२७७.८२ | (८.३७) |
| | जम्मा | ७६८४ | | १५२६२.९६ | (१००.०) |




## तरकारी उत्पादन

नीलकण्ठ नगरपालिकामा ३५ भन्दा बढी किसिमको तरकारी उत्पादन हुने गर्दछ । कुल ७०२.०५ हेक्टर जमिनमा गरिएको तरकारी खेतीबाट आ. व. २०७२/७३ मा कुल ८७७०.१३ मेट्रिक टन उत्पादन भएको थियो । गोलभेँडा खेती सबैभन्दा बढी जमिन अर्थात १२० हेक्टरमा गरिएको देखिन्छ भने दोस्रोमा रायो - ७६ हेक्टर, तेस्रोमा बन्दा - ६७ हेक्टर, चौथोमा काउली - ४० हेक्टर र पाँचौमा लौका - ३५ हेक्टरमा उब्जनी भएको देखिन्छ । उत्पादनको हिसाबले आधिक्य रहेको प्रमुख १० र न्यून उत्पादन हुने अन्य १० तरकारी बालीहरू निम्नानुसार छन् :

**तालिका २३: धैरै उत्पादनको आधारमा प्रमुख १० तरकारी**

| क्र.सं | तरकारी | उत्पादन (मे. ट) | खेती गरिएको क्षेत्रफल (हे.) |
|---|---|---|---|
| १. | गोलभेँडा | २१४२ | १२० |
| २. | बन्दा | ९८१ | ६७ |
| ३. | लौका | ६०७ | ३५ |
| ४. | काउली | ५७२ | ४० |
| ५. | रायो | ४९०.२ | ७६ |
| ६. | करेला | ३९५.६७ | ३३ |
| ७. | मूला | ३८४.७५ | २७ |
| ८. | काँक्रो | ५२८ | ४० |
| ९. | घिरौला | ३७२.६५ | २९ |
| १०. | भन्टा | २९४.५२ | २५.५ |

**तालिका २४: नगण्य वा थोरै उत्पादनको आधारमा प्रमुख १० तरकारी**

| क्र.सं | तरकारी | उत्पादन (मे. ट) | खेती गरिएको क्षेत्रफल (हे.) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | ब्रो-काउली | ४५.३ | ६ |
| २. | धनियाँ | ४०.६२ | ६.५ |
| ३. | पिरो खुर्सानी | ३६.९ | ९ |
| ४. | भेडे खुर्सानी | ३२.६२ | ४.५ |
| ५. | पिँडालु | २९.४५ | ३ |
| ६. | बोडी | २४.४५ | २ |
| ७. | अकबरे खुर्सानी | १४.३ | २ |
| ८. | इस्कुस | ११.०५ | ०.५ |
| ९. | कुरिलो | ६.१ | १ |
| १०. | मकै सिमी | ४.०७ | ०.५ |

यस नगरपालिकामा सबैभन्दा बढी गोलभैँडा (२१४२ मे.ट.) र सबैभन्दा नगण्य मकै सिमी उत्पादन हुने गरेको देखिन्छ। गोलभैँडापछि धेरै उत्पादन हुने तरकारीहरूमा क्रमशः बन्दा - ९८१ मेट्रिक टन , लौका - ६०७ मेट्रिक टन, काउली - ५७२ मेट्रिक टन र रायो ४९०.२ मेट्रिक टन रहेको छ। थोरै परिमाणमा उत्पादन हुने ५ तरकारीहरूमा क्रमशः मकै सिमी- ४.०४ मेट्रिक टन, कुरिलो- ६.१ मेट्रिक टन, इस्कुस - ११.०५ मेट्रिक टन, अकबरे खुर्सानी - १४.३ मेट्रिक टन, र बोडी - २४.४५ मेट्रिक टन रहेको छ।



**तस्बिर १२: नगरको वडा नं.३ मा गरिएको व्यवसायिक तरकारी खेति**

हिउँद, वर्षा र वसन्त तीनै मौसममा गरी यस नगरपालिकाको ६७९ हेक्टर क्षेत्रफल जमिनमा तरकारी खेती गरिएको छ, जुन धादिङ जिल्लाको कुल क्षेत्रफलको ११.२८% हुन आउँछ। कुल ६७९ हेक्टरमध्ये झन्डै आधा क्षेत्रफलमा (४६.०९%) हिउँदे तरकारी उत्पादन हुने गरेको छ भने बाँकी आधा (५३.९१%) क्षेत्रफलमा वर्षे र वसन्ते तरकारी रोप्ने गरिएको छ। नगरपालिकाको हिउँदे, वर्षे र वसन्ते तरकारीको उत्पादकत्वको आँकडाको अभावमा जिल्लाकै उत्पादकत्वलाई आधार मान्दा तीनै मौसमको उत्पादन निम्न तालिका बमोजिम हुने देखिन्छ :

**तालिका २५: मौसम अनुसार तरकारी खेती गरिएको क्षेत्रफल, उत्पादकत्व र उत्पादन आ. व. २०७२/७३**

| क्र.सं | विवरण | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन (मे.ट./हे.) |
|---|---|---|---|---|
| १. | वर्षे तरकारी | १६५७ | १२.४९ | २०६५५ |
| २. | हिउँदे तरकारी | २३९१ | १२.०९ | २८९५५ |

| | | | | |
|---|---|---|---|---|
| ३. | वसन्ते तरकारी | १९७४ | १३.६६ | २६९६९ |
| | जम्मा | ६०२२ | १२.७२ | ७६५७९ |

नीलकण्ठ नगरपालिका

| क्र.सं | विवरण | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन (मे.ट./हे.) |
|---|---|---|---|---|
| १. | वर्षे तरकारी | १७५ | १२.४९ | २१८५.७५ |
| २. | हिउँदे तरकारी | ३१३ | १२.०९ | ३७८४.१७ |
| ३. | वसन्ते तरकारी | १९१ | १३.६६ | २६०९.०६ |
| | जम्मा | ६७९ | १२.७२ | ८५७८.९८ |

धादिङ जिल्लाको कुल मौसमी तरकारी उत्पादनमा यस नगरपालिकाको हिस्सा ११.२०% रहेको छ । मननीय विषय के छ भने जिल्ला र नगरपालिकाको तरकारी उत्पादनको अनुपात ११.२०% र क्षेत्रफलको अनुपात झण्डै बराबर नै अर्थात् ११.२८% छ, जसलाई संयोग नै मान्नु पर्दछ । धादिङ जिल्लामा हिउँदे तरकारीको हिस्साले सबैभन्दा बढी क्षेत्रफल ओगटेको (३९.७०%) देखिन्छ भने नगरपालिकामा पनि यसको हिस्सा अन्य दुई मौसमी तरकारीको तुलनामा बढी (४६.०९%) छ । संभवत: जिल्ला तथा नगरपालिका दुवैमा हिउँदे तरकारीको उत्पादन पनि अन्य दुई मौसमी बालीको तुलनामा बढी हुन्छ ।

**तेलहन तथा दलहन**

नीलकण्ठ नगरपालिकामा तेलहन (तोरी, सर्स्यू, झुसे तील, आलस) ८२ हेक्टर जमिनमा र दलहन ( मुसुरो, मास, मस्याङ्ग, गहत, भटमास, बोडी) ६८.९ हेक्टर जमिनमा खेती गरिएको देखिन्छ । तेलहनले ढाकेको कुल क्षेत्रफलमध्ये तोरी ८१.७१% रहेको छ भने बाँकी १८.२९% मा अन्य तेलहन पर्दछ । तेलहनमा स्पष्ट रूपमा तोरीको स्थान महत्वपूर्ण रही आएको छ । यसरी नै दलहनको हकमा मास र बोडीले झन्डै बराबर क्षेत्रफल अर्थात् ३०.४८% र ३१.९३% ओगटेको देखिन्छ भने भटमासले २१.७७% क्षेत्रफल ढाकेको देखिन्छ । यी प्रमुख तीन दलहनले मात्र कुल दलहन क्षेत्रफलको ८४.१८% ओगटेको छ भने बाँकी १५.८२% मात्र अन्य दलहनको हिस्सा रहेको छ ।

**तालिका २६ तेलहन तथा दलहन उत्पादनको अवस्था**

| क्र. सं | विवरण | खेती गरिसकेको क्षेत्रफल (हे.) | उत्पादकत्व (मे. ट. / हे.) | उत्पादन (मे. ट. / हे.) |
|---|---|---|---|---|
| १. | तोरी | ६७ | ०.७ | ४६.९ |
| २. | सर्स्यू | ४.५ | ०.९ | ४.०५ |
| ३. | झुसे तील | ५.० | १.१६ | ५.८ |
| ४. | आलस | ५.५ | ०.६ | ३.३ |
| | **जम्मा** | ८२.० | | ६०.०५ |
| | | | | |
| १. | मुसुरो | ७.५ | ०.७५ | ५.६३ |
| २. | मास | २१.० | ०.९४ | १९.७४ |
| ३. | मस्याङ | १.४ | ०.७५ | १.०५ |

| क्र. सं | विवरण | खेती गरिसकेको क्षेत्रफल (हे.) | उत्पादकत्व (मे. ट. / हे.) | उत्पादन (मे. ट. / हे.) |
|---|---|---|---|---|
| ४. | गहत | २.० | ०.६१ | १.२२ |
| ५. | भटमास | १५.० | ७.९१ | १३.६५ |
| ६. | बोडी | २२.० | १.५६ | ३४.३२ |
| | जम्मा | ६८.९ | | ७५.६१ |

कुल उत्पादनको हिसाबले तेलहनमा तोरी उत्पादनको हिस्सा सबैभन्दा बढी ७८.१०% रहेको छ भने बाँकी तीन तेलहनको हिस्सा २१.९०% मात्र रहेको छ। यसरी नै दलहनको हकमा बोडी ४५.३९% हिस्सा ओगटेर अग्र स्थानमा छ भने त्यसपछि मास र भटमास क्रमश: २६.११ % र १८.०५ % रहेको छ। बोडी, मास, र भटमासले मात्र कुल उत्पादनको झन्डै ९०% हिस्सा ओगटेको छ भने अन्य बाँकी तीन दलहनको हिस्सा नगण्यप्राय: छ। यस आधारमा विश्लेषण गर्दा, आउँदा वर्षहरूमा तेलहनको हकमा तोरी र दलहनमा बोडी, मास, र भटमासलाई प्राथमिकता दिई उत्पादकत्व बढाउनु वाञ्छनीय देखिन्छ।


### धादिङ जिल्ला तथा नीलकण्ठ नगरपालिकाको खाद्यान्नको विवरण

आ. व. २०७२/७३ मा धादिङ जिल्लामा धान, मकै, गहूँ र कोदो गरी चार प्रमुख खाद्यान्न बालीको उत्पादन ७८०१३.६९ मेट्रिक टन रहेको देखिन्छ । कुल खाद्यान्न उत्पादनको ३३.०९ % खाद्यान्न भण्डारण, बीउ, पशुपंक्षी आहार, प्रशोधन नोक्सान, मदिरा उत्पादन, जर्तीआदिमा जाने अनुमान छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार धादिङ जिल्लाको कुल जनसंख्या ३३६०६७ रहेको र उक्त जनसंख्याको लागि प्रति व्यक्ति प्रति वर्ष २०१ केजी खाद्यान्न आवश्यक पर्ने अनुमान अनुसार कुल खाद्यान्न ६७५४९.४६ मेट्रिक टन आवश्यक पर्ने देखिन्छ। त्यसमध्ये खाद्यवस्तुकै रुपमा प्रयोग हुने अन्न उत्पादन ५५६२०.३९ मेट्रिक टन मात्र भएको हुँदा जिल्लामा ११९२५.०८ मेट्रिक टन खाद्यान्न नपुग देखिन्छ।

यसरी नै नीलकण्ठ नगरपालिकामा सोही आ. व. मा कुल खाद्यान्न उत्पादन १५२६२.९६ मेट्रिक टन भए तापनि विभिन्न प्रयोजनमा जाने र घटी हुने अंश कटाउँदा खान योग्य खाद्यान्न कुल १०२१२.४५ मेट्रिक टन रहन आउँछ। प्रति व्यक्ति प्रति वर्ष २०१ केजीको हिसाबले नगरपालिकाको जनसंख्या ५८५१५ को लागि खाद्यान्नको कुल आवश्यकता ११७६१.५२ मेट्रिक टन हुन आउँछ, जस अनुसार (११७६१.५२ - १०२१२।४५ = १५४९.०७) १५४९.०७ मेट्रिक टन खाद्यान्न अपुग रहेको देखिन्छ।

**तालिका २७ : जिल्ला र नगरपालिकाको खाधान्न उत्पादन र त्यसको आवश्यकता**

| | धादिङ जिल्ला | नीलकण्ठ नगरपालिका |
|---|---|---|
| **कुल जनसंख्या** | ३३६०६७ | ५८५१५ |
| **खाद्यान्न उत्पादन** | ७८०१३.६० मे. टन | १५२६२.९९ मे. टन |
| **खान योग्य** | ५५६२०.३९ मे. टन | १०२१२.४५ मे. टन |
| **प्रति वर्ष प्रति व्यक्ति आवश्यक** | २०१ केजी | २०१ केजी |
| **आवश्यक खाद्यान्न** | ६७५४९.४७ मे. टन | ११७६१.५२ मे. टन |
| **उपलब्धता** | ५५६२०.३९ मे. टन | १०२१२.४५ मे. टन |
| **नपुग (-)** | ११९२९.०८ मे. टन | १५४९.०७ मे. टन |




**अन्य बाली**

**कफी:** खाल्टे गा.वि.स. १ मा एक हेक्टर क्षेत्रफलमा सत्यदेवी तथा नालांगको कफी नर्सरीबाट कफी बिरुवा ल्याई रोप्ने कार्य भएको छ ।

**मौरीपालन:** धादिङ जिल्ला 'सेरेना' जातको मौरी पालनको स्रोत केन्द्रको रूपमा विकसित भइरहेको छ । आ.व. २०७२/७३ मा २३.९७ मेट्रिक टन मह उत्पादन भएको थियो । यसको लागि बजारको खोजी हुनु आवश्यक छ ।

**च्याउ खेती:** नगरपालिकामा च्याउ खेतीतर्फ आकर्षण बढ्दो छ । आ.व. २०७२/७३ मा जिल्लामा १३ मेट्रिक टन च्याउ उत्पादन भएको देखिन्छ ।

**रेशम:** रेशम खेती प्रति रूची घट्दै गएकोले यसको उत्पादन पनि विविध कारणले गर्दा घटेको देखिन्छ । उक्त आ. व. मा ०.०८ मेट्रिक टन रेशमको कोया उत्पादन भएको देखिन्छ ।

**माछा:** आ. व. २०७२/७३ मा धादिङ जिल्लामा कुल ४०.९५ मेट्रिक टन माछा उत्पादन भएको देखिन्छ ।

**रासायनिक मल** : युरिया, डी. ए. पी., पोटासआदि विभिन्न प्रकारका मल गरी सरकारी तथा निजी स्तर दुवैबाट कुल ९८५७.८५ मे. टन मल जिल्लाभरि खपत भएको देखिन्छ ।

## ९.२. उद्योग तथा वाणिज्य

यस नगरपालिका क्षेत्रभित्र सञ्चालित स-साना उद्योगहरूको संख्या र उद्योगको किसिमको अध्ययनबाट औद्योगिक विकासको दृष्टिले यस नगरपालिका हालसम्म पछाडि नै रहेको देखिन्छ । उद्योग सम्बन्धी प्राप्त जानकारी अनुसार हाल निम्न घरेलु उद्योगहरू सञ्चालनमा रहेका छन् :

**तालिका २८ : नगर क्षेत्रमा रहेका उद्योगहरुको विवरण**

| किसिम | ठेगाना | संख्या | कैफियत |
|---|---|---|---|
| (क) चिउरा / भुजिया | वडा नं. १२ | १ | खुल्न बाकी |
| (ख) बेकरी –पाउरोटी | | ३ | वडा नखुलेको |
| (ग) डेरी | | ४ | वडा नखुलेको |

| किसिम | ठेगाना | संख्या | कैफियत |
|---|---|---|---|
| (घ) होलो कंक्रिट ब्लक | | १५ | विभिन्न वडा |
| (ङ) महारुद्र इटा उद्योग | वडा नं. ८ | १ | ठूलो उद्योग |
| (च) मैनबत्ती | | ४ | वडा खुल्न बाकी |
| (छ) चाउचाउ | | २ | वडा खुल्न बाकी |

ईंटा उद्योगबाहेक अन्य सम्पूर्ण उद्योगहरूबाट उत्पादित सामानहरूको बजार स्थानीय क्षेत्र नै रहेको छ । पूर्ण क्षमतामा सञ्चालन भएमा वार्षिक १० लाख गोटासम्म उत्पादन गर्न सकिने इँटा उद्योगले स्थानीय तथा काठमाडौंको बजारको माग समेत पूर्ति गर्दै आएको छ ।




**तस्बिर १३: नगरमा संचालित ब्लक उद्योग**

विभिन्न किसिमका उद्योगहरूलाई आकर्षित गर्नका लागि नगरपालिकाले वडा नं. १३ मा भविष्यमा २०० रोपनी जग्गासहितको उद्योग ग्राम खोल्ने योजना राखेको छ । तर, उद्यमीहरूले लगानी गर्नु पूर्व उद्योगको लागि अति आवश्यक सडक, बिजुली, पानीआदि पूर्वाधार सेवाको उपलब्धता सुनिश्चित नभएसम्म केवल जग्गा मात्र उपलब्ध हुँदैमा लगानी भित्रिनु सहज हुँदैन । यस अतिरिक्त कच्चा पदार्थको उपलब्धता, श्रम तथा श्रमिक बजार, ऋण सुविधा, नगरपालिकाबाट उद्योग विकासको लागि प्रदान गरिने अन्य सेवा, सुविधा आदिले पनि औद्योगीकरणमा प्रत्यक्ष वा परोक्ष प्रभाव पर्दछ ।

नगरपालिका क्षेत्रभित्र र छिमेकी गाउँहरूमा सुन्तलालगायत विभिन्न प्रकारका फलफूल, गोलभेँडाआदि प्रशस्त मात्रामा उत्पादन हुने भएकोले जूस, सस उद्योगको सम्भावना प्रचूर छ । यसैगरी, चुनढुङ्गा सहजै उपलब्ध भएकोले सिमेन्ट उद्योगको साथै धादिङ र गोर्खा जिल्लाको सिमानामा फलाम उद्योगको सम्भावना पनि रहेको देखिन्छ । यस बाहेक उत्तरी भेगमा प्रशस्त मात्रामा जडीबूटी उत्पादन भएपनि बिना प्रशोधन अन्यत्र निकासी भइरहेको हुनाले जडीबूटी प्रशोधन केन्द्रको पनि सम्भावना उत्तिकै रहेको छ । यसको साथसाथै प्रत्येक विद्यालयमा घटीमा ६-७ शयको संख्यामा रहेका विद्यार्थीहरूको लागि आवश्यक युनिफर्म, स्कूल पोशाक सम्बन्धी उद्योग पनि सम्भाव्य देखिन्छ ।

नगरपालिका क्षेत्रभित्र अरुण, आँशी र थोपल गरी तीनवटा महत्वपूर्ण नदीहरू रहेको र ती नदीहरूबाट निरन्तर पानी बगिरहने हुनाले स्थानीय प्रविधिमा आधारित पानी घट्ट सञ्चालनमा ल्याउनेतर्फ पनि पहल गर्न सकिन्छ । यसबाट एकातर्फ रोगजारीमा प्रवर्द्धन हुनेछ भने अर्कोतर्फ स्थानीय सीप तथा प्रविधिको संरक्षण एवं सम्बर्द्धन भई पर्यटन विकासमा समेत टेवा पुग्न सक्दछ ।

अधिकांश नगरवासीको आम्दानीको मुख्य स्रोत कृषि र बहुसंख्यक जनता कृषिमा नै निर्भर रहेको र कृषिको विकास गर्ने प्रचूर सम्भावना विद्यमान भएर पनि हालसम्म यहाँको कृषि प्रणाली निर्वाहमुखी नै रहनु दुर्भाग्यपूर्ण छ । हाल यस नगरपालिकाको कुल स्थानीय गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान खासै महत्वपूर्ण देखिँदैन । कृषिपछि यस नगरपालिकामा आर्थिक दृष्टिले सबैभन्दा महत्वपूर्ण रुपमा देखा परेको क्षेत्र भनेको यहाँ द्रुत गतिमा बृद्धि भइरहेको व्यापार व्यवसाय नै हो । यस अध्ययन टोलीले अध्ययनको क्रममा गरेको अनुमान अनुसार यस नगरपालिकामा वार्षिक करिब रू. ११ अर्ब ६० करोड ६० लाख बराबरको कारोबार भइरहेको छ । व्यापार व्यवसायको मुटु वा प्रमुख केन्द्रको रूपमा रहेका वडा नं ३ स्थित हजारभन्दा बढी विभिन्न पसलहरूले नै यथार्थमा यस नगरपालिकाको अर्थतन्त्रलाई धानेको छ भन्नुमा अतिशयोक्ति नहोला । सर्सर्ती अध्ययन गर्दा एउटा पसलले वर्षमा औसतमा रु. ८० लाख भन्दा बढीको कारोबार गर्ने गरेको पाइएको छ । व्यापार व्यवसायको अपार सम्भावना भएको हुनाले यस व्यापारिक क्षेत्रको जग्गाको मूल्य काठमाडौंको महँगो क्षेत्रको जग्गाको मूल्यभन्दा कम छैन । हालको कारोबार मूल्यअनुसार बजार क्षेत्रको जग्गाको मूल्य अत्यन्त महँगो पर्दछ र भविष्यमा अझ बढ्ने स्पष्ट देखिन्छ । यहाँको बजार क्षेत्रलाई सिरान बजार, बीच बजार र पुछार बजार गरी तीन भागमा वर्गीकरण गरिएको छ ।

अध्ययन टोलीले सीमित संख्यामा नमूनाको रुपमा गरेको पसलहरूको सर्वेक्षणबाट एक चौथाई पसल धनीको पसल मात्र आफ्नै स्वामित्वमा रहेको पाइएको छ भने बाँकी तीन चौथाई पसलहरू भाडामा रहेका छन् । यसरी भाडामा पसल राख्ने ७८.३८% पसल व्यवसायीले मासिक रु. ७ हजार भन्दा बढी भाडा तिर्ने गर्दछन् । न्यूनतम पसलको भाडा रु. ३ हजार देखि बढीमा रु. ५० हजार सम्म पर्दछ । यसबाट प्रशस्त मात्रामा व्यापारिक सम्भावना रहेको तथ्यलाई वडा नं. ३ स्थित बजारले व्यावहारिक रूपमै पनि पुष्टि गरेको छ । विद्यमान पसलहरूमध्ये आधाभन्दा बढी विगत ५ वर्ष भित्र सञ्चालनमा आएको देखिन्छ भने अर्को ४० % भन्दा बढी पसल विगत ५ देखि १० वर्षको अवधिमा सञ्चालन हुन थालेको देखिन्छ । २० वर्ष र सोभन्दा बढी अवधिका पसलको संख्या १० % भन्दा तल छ । यसबाट यहाँको व्यापार विकासको इतिहास २० वर्ष भन्दा लामो छैन भन्ने वोध हुन्छ ।

विगत २० वर्षको अवधिदेखि मात्र यहाँ व्यापार व्यवसायको तीव्र विकास भएको र यो क्रम अद्यापि निरन्तर छ । यहाँ करिब ४०% भन्दा बढी व्यापारी नगरपालिका क्षेत्रभन्दा बाहिर अझ कहीं धादिङ जिल्लाभन्दा पनि बाहिर नुवाकोटसम्मबाट आएका व्यापारी रहेका छन् । यसरी अन्यत्रबाट यहाँ आउनुको प्रमुख कारणमा करिब ६०% ले बढ्दो व्यापारको सम्भावनालाई इंगित गरेका छन् । पसलको किसिमबारे विश्लेषण गर्दा किराना बाहेक अन्य प्रमुख पसलहरूमा फेन्सी लुगाफाटा, कस्मेटिक, इलेक्ट्रोनिक्स, सुनचाँदी पसलहरूले बजारको आधाभन्दा बढी हिस्सा ओगटेको देखिन्छ । यसबाट यहाँका नगरवासी आधुनिक जीवनशैली र श्रृङ्गारप्रति आकर्षित हुँदै गरेको र नगरवासीको औकातमा पनि सीमित मात्रामै भएपनि वृद्धि हुँदै गएको सङ्केत देखिएकोले यहाँ द्वैध अर्थव्यवस्था विद्यमान रहेको स्पष्ट हुन्छ । एकातर्फ परम्परागत जीवनशैली अपनाई ग्रामीण पृष्ठभूमिमा निर्वाहमुखी कृषि प्रणाली अङ्गाली जीवन यापन गरिरहेको जनसंख्या रहेको छ भने अर्कोतर्फ विप्रेषण, व्यापार व्यवसाय आदिका कारण बढ्दो आयले आधुनिक जीवनशैलीतर्फ तीव्र गतिमा उन्मुख भइरहेको जनसंख्या छ । यी दुईमध्ये कृषिमा आश्रित बहुसंख्यक जनसंख्यालाई कृषिको विविधीकरण तथा व्यावसायीकरण गरी तिनको पारिवारिक आय वृद्धि गर्न नसक्दा अवाञ्छित सामाजिक विकृति एवं विसंगतिहरू उत्पन्न भई सिंगो नगरमा प्रतिकूल असर पर्ने सम्भावना रहन्छ । पसल सर्वेक्षणको नतिजा अनुसार ९०% भन्दा बढी पसलहरूमा दैनिक ५० जना

सम्म मात्र ग्राहकहरू आउने गरेको देखिन्छ भने ६०% भन्दा बढी ग्राहकले रु. ५ सय सम्मको खरिद गर्ने गरेको देखिन्छ ।

**सामानको आयात**

बजारमा फेन्सी लुगाफाटा, इलेक्ट्रोनिक्स, कस्मेटिक, भाँडाकुँडा, औषधी, किराना तथा सुनचाँदी आपूर्ति हुने प्रमुख स्रोत काठमाडौं र त्यसपछि भरतपुर नगर हो भने केही सामान वीरगञ्जबाट पनि आउने गर्दछ । धादिङ जिल्ला वरपरका गाउँहरूको हकमा मलेखु, धार्के, चरौदी, गंगा जमुना आदिबाट पनि बिक्रीको लागि यहाँ सामान आउने गरेको छ । यसरी विभिन्न सामानहरू ल्याउने व्यापारीहरूमध्ये झन्डै ४३% ले रु. ५० हजार सम्मको, झन्डै ३०% ले रु. ५० हजार देखि रु. २ लाख सम्मको, १०% ले रु. २ लाखभन्दा माथि र २.०४% ले मात्र रु. ४० लाखभन्दा बढीको सामान ल्याउने गरेका छन् ।

**सामानको निर्यात**

यस नगरपालिकाबाट फलफूल, स्टेशनरी, लुगाफाटा, कस्मेटिक, खाद्यान्न, इलेक्ट्रोनिक्सआदि सामान नगरपालिका क्षेत्रभन्दा बाहिरका गाउँहरू जस्तै गंगा, जमुनाआदि र जिल्ला बाहिरको हकमा नुवाकोटसम्म सामान जाने गरेको देखिन्छ ।

## ९.३. पर्यटन

यस नगरपालिकाको तेस्रो महत्वपूर्ण आर्थिक विकासको स्तम्भ पर्यटन हो । पर्यटन विकासको सम्भावना बोकेका थुप्रै पर्यटकीय क्षेत्रहरु यस नगरपालिकाभित्र रहे तापनि पर्याप्त पूर्वाधारको अभाव, प्रचार प्रसारको कमी, खोज तथा अनुसन्धानको कमीआदि विभिन्न कारणहरुले गर्दा अपेक्षित मात्रामा पर्यटनको विकास हुन सकेको छैन । पर्यटकीय सम्भाव्यता बोकेका यस क्षेत्रका प्रमुख स्थललाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

क) धार्मिक पर्यटन
ख) साँस्कृतिक पर्यटन
ग) साहसिक पर्यटन (प्याराग्लाइडिङ, रक क्लाइमबिंग, र्‍याफ्टिंग)
घ) मनोरञ्जनात्मक पर्यटन
ङ) ऐतिहासिक तथा पुरातात्विक पर्यटन (ज्यामरुंग दरबार, रामकोट)
च) पर्यावरणीय पर्यटन (इको टुरिजम)

### क) धार्मिक पर्यटन

सुनौला बजारस्थित भैरवी मन्दिर, सल्यानकोटस्थित त्रिपुरासुन्दरीमाई भगवती, खाल्टेस्थित चमेरो गुफालगायातका स्थानहरुमा आवश्यक पूर्वाधारहरु निर्माण गरी ती क्षेत्रहरुको प्रचार प्रसारको माध्यमबाट स्वदेशी तथा विदेशी पर्यटकहरुलाइ घुम्न आउनको लागि आकर्षित गर्न सकिन्छ । हाल यी धार्मिक क्षेत्रहरुमा विशेष पर्व-मेलाहरुमा स्थानीय र वरपरका गाउँका वासिन्दा बाहेक अरुले खासै भ्रमण गर्ने गरेको देखिंदैन ।



**तस्बिर १४: वडा नं. १२ को धार्मिक स्थल: शिब मन्दिर**

## ख) सांस्कृतिक पर्यटन

यस नगरपालिकाका कुमालेहरूको परम्परागत माटोका भाँडाकुँडा बनाउने व्यवसाय हाल लोप भइसकेको छ । कुमाले जातीका बुढापाकाहरुले आफ्नो परम्परागत पेशा परित्याग गरिसकेको भए तापनि उनीहरुमा भएको सीप र ज्ञानलाई इच्छुक नयाँ पुस्तामा हस्तान्तरण गर्न नगरपालिकाको पहलकदमीमा कुमाले संस्कृतिको संरक्षण गरी स्थानीय सांस्कृतिक पर्यटनमा टेवा पुऱ्याउन सकिन्छ । त्यसैगरी नै सार्की जातीमध्ये थोरैले मात्र आफ्नो पुर्ख्यौली जुत्ता बनाउने पेशालाई निरन्तरता दिइरहेको अवस्था रहेकोले यस्ता अन्य लोपोन्मुख व्यवसाय समेतलाई आवश्यक सहयोग र प्रोत्साहन प्रदान गरी परम्परागत स्थानीय सीप र संस्कृतिको संरक्षण गर्नु आवश्यक देखिन्छ ।

हाल सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले खाल्टेको गुरुङ समुदायले प्रशंसनीय रुपमा सञ्चालन गर्दै आएको गुरुङ जातीको महत्वपूर्ण पहिचानको रूपमा रहेको रोदी संस्कृति र होमस्टेलाई अझ व्यवस्थित एवं सुविधायुक्त बनाउन आवश्यक छ । यस सन्दर्भमा स्थलगत भ्रमणको क्रममा केही नयाँ घर निर्माणाधीन रहेको पाइयो । यसलगायत हाल लोपान्मुख अवस्थामा रहेको अन्य जातजातीको पहिचान र संस्कृति झल्काउने परम्पराको जगेर्ना पनि समयमै गर्नु वाञ्छनीय देखिन्छ ।

## ग) साहसिक पर्यटन

यस क्षेत्रमा साहसिक पर्यटनको विकासको लागि त्रिशूली नदीमा ऱ्याफ्टिंग, नगरपालिकाभित्रका डाँडामा रक क्लाइम्बिंग, सिद्धलेकमा प्याराग्लाइडिङ आदि विविध सम्भावनाहरूबारे प्रचारप्रसार तथा प्रवर्द्धन गर्न सकिन्छ ।

## घ) मनोरञ्जनात्मक पर्यटन

पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले स्थानीय नाचगान र मौलिक खाद्यविधाको प्रदर्शन हुने गरी नियमित रुपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्नु पर्यटक आकर्षण गर्ने उपयुक्त उपाय हुन सक्दछ । त्यसैगरी जुरेथममा प्रस्तावित भ्यूटावरबाट हिमाललगायत बजार क्षेत्रको अवलोकन पनि पर्यटकको लागि मनोरञ्जनको साधन हुने अपेक्षा गर्न सकिन्छ ।

निश्चित सिजनमा मनास्लु जाने पदयात्रीहरूमध्ये दैनिक १०० जना जति धादिङ भएर पनि जाने गरेकोले तिनीहरूलाई यस नगरपालिकामा केही दिन बिताउन उत्प्रेरणा हुने उपयुक्त अवसरको पनि खोजी गर्न सकिन्छ ।

### ङ) ऐतिहासिक तथा पुरातात्विक पर्यटन

ऐतिहासिक तथा पुरातात्विक पर्यटन विकासको लागि पृथ्वीनारायण शाहको मावलीको रूपमा रहेको ज्यामरुङ्ग दरबार, रामकोटस्थित राम शाहको दरबार जस्ता ऐतिहासिक महत्वका स्थानहरूको आवश्यक संरक्षण एवं सम्बर्द्धन गरेर पनि पर्यटन विकास गर्न सकिन्छ । रामकोटस्थित राम शाहको दरबार वरपर रामशाहकालीन पुरातात्विक महत्वका विभिन्न सिक्का, भाँडाकुँडा आदि उत्खननबाट प्राप्त भएको जानकारी पनि प्राप्त भएकोले संग्रहालय स्थापनाको सम्भावना पनि देखिएको छ ।

### च) पर्यावरणीय पर्यटन (इको टुरिजम)

अमरावती सामुदायिक वन लगायत अन्य सामान्य वनहरूमा पर्या-पर्यटनको सम्भावना रहेकोले त्यसको लागि पनि उपयुक्त पहल गर्न सकिन्छ । यस प्रयोजनको लागि नगरपालिकाले बाटोघाटो निर्माण, उपयुक्त सूचना एवं जानकारीमूलक सामग्रीको उत्पादन र वितरण, प्रचारप्रसार र पथ प्रदर्शकको व्यवस्था आदि गर्नु आवश्यक छ ।

नगरका विभिन्न वडामा रहेका मुख्य पर्यटकीय स्थलहरु निम्नानुसार रहेका छन् ।

**तालिका २९ : नगर क्षेत्रका मुख्य धार्मिक स्थलहरु**

| क्र.स. | पर्यटकीय स्थलको नाम | वडा नं. | स्थलको महत्व |
|---|---|---|---|
| १ | चमेरे गुफा | निनपा वडा नं. १ | घुम्नको लागि गुफा |
| २ | नमुना बिपी गाउँ | निनपा वडा नं. १३ | विभिन्न पर्यटकीय आकर्षण |
| ३ | ज्यामरुङ दरबार | निनपा वडा नं. ११ | एतिहासिक स्थल |
| ४ | रामकोट दरबार | निनपा वडा नं. ८ | धार्मिक, एतिहासिक |
| ५ | पात्ले गुरुङ गाउँ होमेस्टे | निनपा वडा नं. १ | होमेस्टे पर्यटन |
| ६ | जुम्रे भ्यु टावर | निनपा वडा नं. १३ | दृश्यावलोकन स्थल |



**तस्बिर १५: पर्यटकीय गाउको रुपमा बिकाश हुने क्रममा रहेको बिपी गाउँ**

# १०. वातावरणीय संवेदनशील क्षेत्र

नगरको मुख्य प्राकृतिक स्रोतको रुपमा रहेका खोलानालाहरु प्रदूषित हुने सम्भावना बढ्दै गएको छ । खोलाका वरपर विद्यमान वस्ती तथा पशुपालन, खोलामा फोहोरमैला विसर्जन, खोलामा सवारी साधन धुनेजस्ता कार्यले खोलाहरु प्रदूषित भइरहेका छन् । यस्ता कार्यहरुमा नियमनकारी निकायले खासै चासो दिएको पाइएको छैन । सबै वडाहरुमा फोहोरमैला स्व-व्यवस्थापनका स्थानीय उपाय तथा पुनर्प्रयोगको तरिकालाई नियमित अभ्यासमा ल्याएर घर र बजारबाट टोल वस्तीमा निस्कने फोहोर व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । फोहोरमैला व्यवस्थापनमा नागरिकको सामाजिक दायित्व, फोहोर व्यवस्थित वा अव्यवस्थित हुँदा वातावरणमा पर्ने असरबारे विभिन्न माध्यमबाट जनचेतना जगाउनु जरुरी देखिन्छ । यसबाट नगर क्षेत्रलगायत खोलानालाको संरक्षण मा सहयोग पुग्दछ ।



**तस्बिर १५: *नगर केन्द्रस्थित थोपल खोलाको पानीमा गाडी धोइदै***

हाल नगरको मुख्य शहरी क्षेत्रबाट उत्पादित फोहोरमैलालाई वडा नं. ८ स्थित डम्पिंग क्षेत्रमा लैजाने गरिएको छ । जसबाट वातावरणमा नकारात्मक असर पर्न सक्ने देखिन्छ । नगरपालिकामा उत्पादन हुने फोहोरमा विभिन्न किसिमका खतरापूर्ण फोहोरहरु समेत हुन सक्ने साथै फोहोरलाई कुनै व्यवस्थापन बिना थुपार्दा त्यसबाट रोग संक्रमण फैलन सक्ने सम्भावना समेत रहन्छ । यसमा नगरपालिकाले फोहोर व्यवस्थापनको लागि तत्काल उचित योजना बनाउन तथा वातावरण र आम मानिसको स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असरबारे बेलैमा सजग हुनु आवश्यक छ ।

# ११. प्रकोप जोखिम क्षेत्र र समुदाय

नगर क्षेत्रको स्थलगत भ्रमण र प्रकोपको इतिहास हेर्दा यहाँ पहिरो र भूकम्प, आगलागी, खडेरीजस्ता प्रकोपहरुको जोखिम विद्यमान छ । वर्षात्को समयमा पहिरोको जोखिम मुख्यतः पहाडी सडक वरपरका क्षेत्रमा बढ्ने गर्छ । पहिरोको जोखिम रहनुमा यस क्षेत्रको भौगोलिक अवस्था मुख्य कारण हो भने यसका लागि रोकथामका उपायहरु समयमा अवलम्बन नगर्नु पहिरो खस्ने अर्को प्रमुख कारण हो ।

विभिन्न अध्ययन अनुसन्धान र भूकम्पीय घटनाहरुको इतिहासले नेपालको समग्र भूभाग नै भूकम्पको उच्च जोखिममा रहेको पुष्टि हुन्छ । नीलकण्ठ नगरपालिका क्षेत्र पनि भूकम्पीय दृष्टिकोणले जोखिमपूर्ण क्षेत्र भित्र पर्दछ । बि.सं. २०७२ साल बैशाख १२ गते गएको गोरखा भूकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये धादिङ पनि एक हो । नीलकण्ठ नगरपालिकाको अधिकांश क्षेत्र भूकम्पबाट प्रभावित भई हाल पुनर्निर्माणको क्रममा रहेको छ ।



तस्बिर १७: भूकम्पबाट क्षतीग्रस्त घर

आगलागी र डढेलो नगर क्षेत्रको अर्को मुख्य प्रकोपको रुपमा रहेको छ । नगरको भू-उपयोगको अवस्था हेर्दा करिब ५० प्रतिशत भूभाग वनजंगलले ओगटेको छ । वनजङ्गलले ओगटेको क्षेत्र आगलागीको हिसाबले निकै जोखिमपूर्ण हुन्छ । गर्मी याममा तापक्रम निकै बढ्ने र वनजङ्गलमा पातपतिंगर सुक्ने हुनाले डढेलोको जोखिम निकै बढ्छ ।

सुक्खायाममा खडेरीले नगरको कृषि योग्य क्षेत्रहरुमा नकारात्मक असर पुऱ्याईरहेको हुन्छ । खडेरीले पानीको स्रोत सुक्ने, खोला नालामा पानीको मात्रा निकै घट्नेजस्ता समस्याले कृषिमा निर्भर अधिकांश जनसंख्यालाई असर पर्ने गर्छ । खडेरीले गर्दा ठूलो मात्रामा कृषि उपज नष्ट हुने गर्दछ ।

# १२. धार्मिक तथा सामाजिक क्षेत्र

नगर क्षेत्रमा विभिन्न धार्मिक तथा सामाजिक महत्वका ठाउँहरु रहेका छन् । जसको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३० : नगर क्षेत्रका विभिन्न धार्मिक र सामाजिक क्षेत्रको अवस्था

| क्र. स. | धार्मिक ठाउँको नाम | अवस्थित स्थान | स्थलको महत्व |
|---|---|---|---|
| १ | भैरबी मन्दिर | निनपा वडा नं. ६ | धार्मिक |
| २ | रामकोट माइति मन्दिर | निनपा वडा नं. ८ | धार्मिक |
| ३ | जुरेथुम वागेश्वरी मन्दिर | निनपा वडा नं. २ | धार्मिक |
| ४ | पशुपति मन्दिर | निनपा वडा नं. १२ | धार्मिक |
| ५ | ज्वालामुखी मन्दिर | निनपा वडा नं. ९ | धार्मिक |
| ६ | पौवा घर | निनपा वडा नं. ४ | सामाजिक |
| ७ | चमेरे गुफा | निनपा वडा नं. १ | पर्यटकीयस्थल |
| ८ | नमुना बिपी गाउँ | निनपा वडा नं. १३ | पर्यटकीय |



**तस्बिर १८: वडा नं. ४ मा अवस्थित एतिहासिक पौवा घर**



**तस्बिर १९: वडा नं. ११ स्थित ज्यामरुङ दरबार क्षेत्र**

# १३. प्राकृतिक स्रोत

नगरपालिका क्षेत्रका मुख्य प्राकृतिक स्रोतहरु खोलानाला र वनजङ्गल हुन् ।

## १३.१. **जङ्गल तथा जैविक विविधता**

झन्डै ५० प्रतिशत जमिन वनजङ्गलले ढाकेको यस नगरपालिका जैविक विविधताको आधारमा धनी छ । वनजङ्गल र यसका वन पैदावारहरु नगरपालिका र नगरबासीका लागि निकै ठूलो आम्दानीको स्रोत बन्न सक्दछ । वनमा आधारित उद्यमहरुको विकास गर्ने, नियमित वृक्षारोपण गरी काठ उत्पादन गर्ने, वन पैदावारबाट वनस्पति, गुइठाजस्ता नवीकरणीय जैविक उर्जा उत्पादन गर्ने जस्ता क्रियाकलापबाट यथेष्ट फाइदा लिन सकिन्छ ।



**तस्बिर २०: वडा नं. ३ स्थित वन क्षेत्र**

## वन क्षेत्रको विवरण

**तालिका ३१ : नीलकण्ठ नगरपालिकामा वन क्षेत्रको विवरण**

| क्षेत्रफल | | वन क्षेत्र प्रतिशत | |
|---|---|---|---|
| **वन क्षेत्र** | कुल भूभाग | स्थानीय संरचना क्षेत्र | जिल्ला भित्र |
| **७९.६** | २००.५ | ४०% | ९% |

सामुदायिक वनमा वन पैदावारहरूको मौज्दात तथा वार्षिक निकाल्न सकिने परिणाम विवरण (प्रति हेक्टर)

**तालिका ३२: सामुदायिक वनमा वन पैदावारहरूको मौज्दात तथा वार्षिक निकाल्न सकिने परिणाम बिवरण**

| साविक ईवकाको नाम | काठ मौज्दात (.फि .क्यु) | वार्षिक निकाल्न मिल्ने काठ परिणाम (.फि .क्यु) | विरुवा मौज्दात (संख्या) | लाथ्रा मौज्दात (संख्या) | रुख मौज्दात (संख्या) | पोल मौज्दात (संख्या) |
|---|---|---|---|---|---|---|
| **नीलकण्ठ** | १६३२.४७ | ९.११ | १०२१४ | २७५१ | ३५ | ५६९ |

सुरुदेखि आव २०७३/७४ सम्ममा हस्तान्तरण भएका सामुदायिक वनहरूको विवरण

**तालिका ३३ : शुरुदेखि आव ०७३/०७४ सम्ममा हस्तान्तरण भएका सामुदायिक वनहरूको विवरण**

| साविकको गाविसको नाम | धुवाकोट | सांकोश | मुरलीभंज्याङ | ज्यामरुङ | नीलकण्ठ | खाल्टे | सुनौलाबजार | नीलकण्ठको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **क्षेत्रफल** | ३२२५. | ९२०८. | ५७८६६. | ७१५३२. | ७८१९९. | १२२२ ७२. | १०२१७. | ५५६३ २४. |

| साविकको गाविसको नाम | धुवाकोट | सांकोश | मुरलीभंज्याङ | ज्यामरुङ | नीलकण्ठ | खाल्टे | सुनौलाबजार | नीलकण्ठको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| (हे) | | | | | | | | |
| **घरधुरी** | ७९७ | २१४६ | २२०१ | २१५२ | ३०८२ | २३८७ | ३३९६ | १६१६१ |

### १३.२. जलस्रोत

नगरको मुख्य पानीको स्रोतमा थोपल, आँशी र अरुण गरी तीनवटा खोला रहेका छन् । यसबाहेक कोशी खोला, विभिन्न वडाहरुमा रहेका साना खोलाहरु, मुहानहरु र कुवाहरु पनि नगरमा पानीका प्रमुख स्रोतहरु हुन् । यी खोलानालाहरु आजपर्यन्त सफा र स्वच्छ देखिन्छन् र यी खोलाबाट खानेपानी, सिंचाइ, जलविद्युत, मत्स्यपालनका लागि पर्याप्त पानी आपूर्ति गर्न सकिन्छ । तुलनात्मक रुपमा जलस्रोतलाई नीलकण्ठको सबभन्दा ठूलो सम्पति मान्न सकिन्छ ।




**तस्बिर २१: वडा नं. ३ बाट देखिएको थोपल खोलाको दृश्य**

# १४. संस्थागत विवरण

न.पा. को सांगठनिक विवरण तल प्रस्तुत गरिएको छ ।

# नगरपालिकाको संगठन तालिका



## निर्वाचित जनप्रतिनिधिहरुको विवरण

**तालिका ३४ : निर्वाचित जनप्रतिनिधिहरुको विवरण**

| सि.नं. | नाम | पद | पार्टी |
|---|---|---|---|
| १ | श्री भीमप्रसाद ढुंगाना | नगर प्रमुख | नेपाली कांग्रेस |
| २ | श्री मनराज भण्डारी | नगर उप प्रमुख | नेकपा (मा.के) |
| ३ | श्री गणेश बहादुर गुरुङ | वडा नं १ अध्यक्ष | |
| ४ | श्री ध्वज बहादुर गुरुङ | वडा नं २ अध्यक्ष | |
| ५ | श्री होमनाथ रिजाल | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री शिवराज गिरी | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री राम बहादुर श्रेष्ठ | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री उद्धव प्रसाद रिजाल | वडा नं ६अध्यक्ष | |
| ९ | श्री गौतमहरी अधिकारी | वडा नं ७ अध्यक्ष | |
| १० | श्री गुणवहादुर थपलिया | वडानं ८ अध्यक्ष | |
| ११ | श्री भोजवहादुर रेग्मी | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री विजयराज इटनी | वडा नं १० अध्यक्ष | |
| १३ | श्री तिलकवहादुर थापामगर | वडा नं ११ अध्यक्ष | |
| १४ | श्री वावुराम लम्साल | वडा न १२ं अध्यक्ष | |
| १५ | श्री होमवहादुर गुरुङ | वडा नं १३ अध्यक्ष | |
| १६ | श्री फन्द्रा तामाङ | वडा नं १४ अध्यक्ष | |
| ज्ञठ | श्री राजन बराइली | नगर कार्यपालिका सदस्य | |
| ज्ञड | श्री विष्णु वहादुर नेपाली | नगर कार्यपालिका सदस्य | |
| ज्ञढ | श्री सिताराम कुमाल | नगर कार्यपालिका सदस्य | |
| द्गण | श्री कमल श्रेष्ठ | नगर कार्यपालिका सदस्य | |
| द्गज्ञ | श्री चिना श्रेष्ठ | नगर कार्यपालिका सदस्य | |
| द्गद्द | श्री गण्डकी खतिवडा | नगर कार्यपालिका सदस्य | |
| द्गघ | श्रीमती कल्पना रेग्मी रिजाल | नगर कार्यपालिका सदस्य | |
| द्गद्ध | श्री राम्री नेपाल | नगर कार्यपालिका सदस्य | |
| द्गछ | श्री एण्जीला तामाङ | नगरसभा सदस्य | |
| द्गट | श्री तारावहादुर गुरुङ्ग | नगरसभा सदस्य | |
| द्गठ | श्री पाण्डु तामाङ | नगरसभा सदस्य | |
| द्गड | श्री सरला समारी | नगरसभा सदस्य | |
| द्गढ | श्री नीरमाया मिजार | नगरसभा सदस्य | |
| घण | श्री भिमराज गुरुङ | नगरसभा सदस्य | |
| घज्ञ | श्री ज्ञान वहादुर रानामगर | नगरसभा सदस्य | |
| घद्द | श्री कमल परियार | नगरसभा सदस्य | |
| घघ | श्री गणेशवहादुर खान | नगरसभा सदस्य | |
| घद्ध | श्री गोपीकृष्ण भण्डारी | नगरसभा सदस्य | |
| घछ | श्री जानुका मिजार | नगरसभा सदस्य | |
| घट | श्री भीमवहादुर ढकाल | नगरसभा सदस्य | |

| सि.नं. | नाम | पद | पार्टी |
|---|---|---|---|
| घठ | श्री विष्णु वहादुर गुरुङ | नगरसभा सदस्य | |
| घड | श्री सरिता श्रेष्ठ | नगरसभा सदस्य | |
| घढ | श्री गंगा श्रमील | नगरसभा सदस्य | |
| द्धण | श्री नवराज ढुंगाना | नगरसभा सदस्य | |
| द्धज्ञ | श्री सिताराम श्रेष्ठ | नगरसभा सदस्य | |
| द्धद्द | श्री मैया प्रधान | नगरसभा सदस्य | |
| द्धघ | श्री सकुन्तला मक्राती | नगरसभा सदस्य | |
| द्धद्ध | श्री कुमारी खान | नगरसभा सदस्य | |
| द्धछ | श्री याम वहादुर गुरुङ | नगरसभा सदस्य | |
| द्धट | श्री मना विश्वकर्मा | नगरसभा सदस्य | |
| द्धठ | श्री रामकृष्ण रम्तेल | नगरसभा सदस्य | |
| द्धड | श्री राम आलमगर | नगरसभा सदस्य | |
| द्धढ | श्री हिरा कुमाल | नगरसभा सदस्य | |
| छण | श्री कल्पना वि.क. | नगरसभा सदस्य | |
| छज्ञ | श्री प्रकाशकुमार श्रेष्ठ | नगरसभा सदस्य | |
| छद्द | श्री रमेश कोईराला | नगरसभा सदस्य | |
| छघ | श्री छनुमाया गुरुङ | नगरसभा सदस्य | |
| छद्ध | श्रीमती कविता परियार (वि.क.) | नगरसभा सदस्य | |
| छछ | श्री दिपक बराईली | नगरसभा सदस्य | |
| छट | श्री सिताराम श्रेष्ठ | नगरसभा सदस्य | |
| छठ | श्री नवराज लम्साल | नगरसभा सदस्य | |
| छड | श्री मित्र आचार्य | नगरसभा सदस्य | |
| छढ | श्रीमती एक कुमारी नहर्की पाठक | नगरसभा सदस्य | |
| टण | श्री सुन्दरी कुमारी परियार | नगरसभा सदस्य | |
| टज्ञ | श्री चेतवहादुर न्यौपाने | नगरसभा सदस्य | |
| टद्द | श्री हरिराम राना मगर | नगरसभा सदस्य | |
| टघ | श्रीमती खडक कुमारी सापकोटा | नगरसभा सदस्य | |
| टद्ध | श्री काली रोक्का | नगरसभा सदस्य | |
| टछ | श्री कमलवहादुर पौडेल | नगरसभा सदस्य | |
| टट | श्री ओमनारायण श्रेष्ठ | नगरसभा सदस्य | |
| टठ | श्री राधीका गुरुङ | नगरसभा सदस्य | |
| टड | श्री नवराज थापा | नगरसभा सदस्य | |
| टढ | श्री शिव कुमार गुरुङ | नगरसभा सदस्य | |
| ठण | श्री सुमित्रा गुरुङ | नगरसभा सदस्य | |
| ठज्ञ | श्री सरिता सेन्चुरी | नगरसभा सदस्य | |
| ठद्द | श्री शिव कुमार श्रेष्ठ | नगरसभा सदस्य | |
| ठघ | श्री श्यामवहादुर शाह | नगरसभा सदस्य | |

## नीलकण्ठ नगरपालिका कार्यरत कर्मचारीहरुको विवरण

**तालिका ३५ : नीलकण्ठ  नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण**

| सि. नं. | कर्मचारीको नाम थर | पद | तह | कार्यरत शाखा |
|---|---|---|---|---|
| ज्ञ | जगनाथ लामिछाने | उप-सचिव | रा.प. द्धितिय | प्रशासन |
| द | बलराम मरासिनी | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन |
| घ | कुमार ढकाल | इन्जिनियर | अधिकृत छैटौ | योजना |
| द्ध | कृष्ण ढकाल | सव-इन्जिनियर | रा अनं प्रथम | योजना |
| छ | बालकृष्ण नेपाली | ना.सु. | रा प अन प्रथम | पञ्जिकरण |
| ट | विर ब दुवाडी | ना.सु | रा प अन प्रथम | |
| ठ | उर्मिला थपलिया | ना.सु | पाँचौ | |
| ड | टिकामराम अधिकारी | ना.सु | पाँचौ | |
| ढ | सरोज तिवारी | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञण | कुमारी तामाङ | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञज्ञ | विष्णु अर्याल | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञद | हरिकुमार श्रेष्ठ | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञघ | रामहरी सापकोटा | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञद्ध | अर्जुन श्रेष्ठ | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञछ | उमेश विष्ट | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञट | दान ब. कुमाल | अमिन का.स.(कम्प्युटर अपरेटर) | सहायता स्तर चौथो | |
| ज्ञठ | सुमन श्रेष्ठ | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञड | मिरा उपरकोटी | कार्यलय सहायक | सहायता स्तर चौथो | |
| ज्ञढ | संगिता खाँड | कार्यलय सहयोगी | सहायता स्तर चौथो | |
| दण | लक बहादुर पौडेल | कार्यलय सहयोगी | श्रेणी विहीन | |
| दज्ञ | सुब्बा कुमाल | कार्यलय सहयोगी | श्रेणी विहीन | |
| दद | रामशरण रिजाल | ह.स. चालक | श्रेणी विहीन | |
| दघ | विजयराम गिरी | ह.स. चालक | श्रेणी विहीन | |
| दद्ध | विष्णु कुमार श्रेष्ठ | हेभी स. चालक | श्रेणी विहीन | |
| दछ | दिवे रस्तेल | कार्य सहयोगी | श्रेणी विहीन | |
| दट | गोथे सुनार | सामाजिक परिचालक | श्रेणी विहीन | |
| दठ | पार्वती खाड | सामाजिक परिचालक | – | |
| दड | अनिता कोइराला | सामाजिक परिचालक | – | |
| दढ | राम कुमार नेपाली | सामाजिक परिचालक | – | |
| घण | शर्मिला थापा मगर | सामाजिक परिचालक | – | |
| घज्ञ | सुनिल विसुन्के | सामाजिक परिचालक | – | |
| घद | मिरा श्रेष्ठ | सामाजिक परिचालक | – | |
| घघ | राजेश कोइराला | ना.प्र.से.प्रा | चौथो तह | |
| घद्ध | सुवास खतिवडा | ना.प्र.से.प्रा | चौथो तह | |
| घछ | सुरोज बर्ाकोटी | सुचना अधिकृत | सातौं | सुचना |
| घट | रामचन्द्र गौतम | शाखा अधिकृत | छैटौ | कृषि |
| घठ | केदार प्र. ढकाल | शाखा अधिकृत | छैटौ | शिक्षा |
| घड | सावित्री सुवेदी | शाखा अधिकृत | सातौं | स्वास्थ्य |
| घढ | गोमा कु. गुरुङ्ग | शाखा अधिकृत | छैटौ | स्वास्थ्य |
| द्धण | निर्मला के.सी. | सहायक | चौथो | महिला विकास |
| द्धज्ञ | बिष्णु कु. श्रेष्ठ | ह.स.चा. | श्रेणी विहिन | – |

| सि. नं. | कर्मचारीको नाम थर | पद | तह | कार्यरत शाखा |
|---|---|---|---|---|
| ढ्द | रामकाजी पौडेल | सहायक | पाचौं | पशुसेवा |
| ढ्घ | रिजन गैरे | सहायक | पाचौं | पशुसेवा |
| ढ्ढ | सुवास खतिवडा | सहायक | पाचौं | पशुसेवा |
| ढ्छ | मनिषा तिवारी | सहायक | पाचौं | कृषि |
| ढ्ट | प्रकाश सापकोटा | वैद्य निरीक्षक | छैटौं | आर्युवेद |
| ढ्ठ | राजेश कोइराला | सहायक | पाचौं | पशुसेवा |
| ढ्ड | बालकुमार भट्टराई | का. स. | चौथो | आर्युवेद |